# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ५९ | काठमाडौं | शनिबार, ०७ असार २०८२ | Prabhab National Daily | Saturday, June 21, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**डिजिटल कारोवारबारे सचेत बनौं**

डिजिटल बैंकिंगको सुरक्षाका लागि:
- OTP, पासवर्ड र PIN नम्बर कसैलाई नदिऔं,
- आधिकारिक एप वा वेबसाइटबाट मात्र बैंकिङ सेवा प्रयोग गरौं,
- सार्वजनिक Wi-Fi प्रयोग गरी कारोबार नगरौं,
- अपरिचित व्यक्ति वा फोन कलमार्फत प्राप्त हुने प्रस्तावमा विश्वास नगरौं,
- शंकास्पद लिंकमा क्लिक नगरौं,
- मोबाइल वा कम्प्युटरमा सुरक्षित पासवर्ड र एण्टी भाइरस राखौं,
- अनुलाइन ठगीको आशंका लागेमा तत्काल सम्बन्धित बैंक वा नजिकको प्रहरीमा खवर गरौं ।

"डिजिटल कारोवार सुरक्षित बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड




ललितपुरस्थित ग्वार्को चोकमा निर्माण गरिएको 'ओभर पास' । पटक-पटक म्याद थप गर्दै सम्पन्न भएको ओभर पास शुक्रबार उद्घाटन गरिएसँगै सवारीसाधन चल्न थालेका छन् । *तस्बिर: रासस*

### इजरायल र इरानबाट नेपाली नागरिकको उद्धार तयारी

# नेपाल फर्कन चाहनेलाई उद्धार गर्न तयार छौं : परराष्ट्रमन्त्री

> जिटुजी प्रक्रियाअन्तर्गत इजरायल पुगेका नेपालीहरु नेपाल फर्कन वा सुरक्षित स्थानमा जान चाहेमा सोका लागि सहजीकरण गर्नु इजरायलको पनि दायित्व हो । त्यसका लागि सीमाक्षेत्रबाट अन्य मुलुकमा जान सहयोग गरिदिन इजरायल सरकारलाई अनुरोध गरिसकिएको छ । नेपालीहरु स्वदेश फर्कन चाहेमा उनीहरुको उद्धारका लागि नेपाल सरकार तयारी अवस्थामै छ ।
>
> **डा. आरजु राणा देउवा**
> मन्त्री, परराष्ट्र



**प्रभाव संवाददाता**

**काठमाडौं–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले इजरायल र इरानमा विकसित परिस्थितिअनुसार त्यहाँ रहेका नेपाली नागरिकको सुरक्षा र उद्धारका लागि नेपाल सरकारले सम्भव भएका सबै उपायहरू अवलम्बन गर्ने बताएकी छन् । नेपाल फर्कन चाहनेलाई उद्धार गर्ने तयारीमा रहेको उनले बताइन् ।

शुक्रबार परराष्ट्र मन्त्रालयमा भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा, संस्कृति पर्यटन तथा नागरिक उड्डयन र गृह मन्त्रालयसँगको संयुक्त बैठकमा मन्त्री डा. राणाले इजरायल र इरानमा जारी रहेको युद्धका कारण उत्पन्न परिस्थिति र त्यसको तयारीबारेमा छलफलका क्रममा सो जानकारी गराएकी हुन् । मन्त्री राणाले परराष्ट्र मन्त्रालयको समन्वयमा इजरायलस्थित नेपाली दूतावासले सक्रियरूपमा काम गरिरहेको, स्वदेश फर्कन चाहने नेपालीका लागि रजिस्ट्रेसन पनि खुलेको र उनीहरू स्वदेश फर्कन चाहेमा उद्धारका लागि त्यसको प्रबन्धको तयारीमै सरकार रहेको जानकारी दिइन् ।

क्रमशः पृष्ठ २ मा

# बजेटमा सत्तारुढ दलकै असन्तुष्टि
# 'डिफेन्स'मा उत्रियो एमाले

> मलाई विश्वास थियो क्रान्तिकारी केपी ओलीसँग, विष्णु पौडेलसँग, युवा मन्त्री बद्री पाण्डेसँग यही विश्वासका साथ जनतालाई भनेको थियो एयरपोर्ट बन्छ भनेर । अब मैले के गरूँ ? अभिनन्दन गरूँ ? जनताको प्रतिनिधिलाई नंग्याउन खोजेको हो कि ?
>
> **दीपक गिरी**
> कांग्रेस सांसद

> धनुषा र सिरहा जोड्ने कमला नदी पुल २०७८ मा भासियो । के मधेस प्रदेश नेपालमा पर्दैन ? मधेसका जनता नेपाली होइनन् ? त्यो पुलमा किन आँखा गएन ? किन बजेट छुट्याइएन ?
>
> **रामकृष्ण यादव**
> कांग्रेस सांसद

> यहाँ प्रकाशशरण महत हुनुहुन्छ । उहाँ अर्थमन्त्री हुँदा पनि यस्तै थियो । अहिले अर्थमन्त्री विष्णु पौडेललाई पनि खुनखुन गरिराख्नुभएको छ । किन यस्तो भइरहेको छ ?
>
> **ईश्वरबहादुर रिजाल**
> एमाले सांसद



**प्रभाव संवाददाता**

**काठमाडौं–** आफ्नै सरकारले प्रस्तुत गरेको बजेटमा नेपाली कांग्रेसका सांसदहरूले असन्तुष्टि जनाएका छन् । शुक्रबार बजेटको सैद्धान्तिक बहसमा सहभागी हुँदै कांग्रेस सांसद् दीपक गिरीले प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री विष्णु पौडेलको नामै तोकेर विरोध जनाए ।

दाङमा टरिगाउँ विमानस्थलका लागि बजेट नछुटयाएकोमा आक्रोशित हुँदै गिरीले विरोध जनाएका हुन् । 'मलाई विश्वास थियो क्रान्तिकारी केपी ओलीसँग, विष्णु पौडेलसँग, युवा मन्त्री बद्री पाण्डेसँग । यही विश्वासका साथ जनतालाई भनेको थिएँ एयरपोर्ट बन्छ भनेर,' गिरीले आक्रोशित हुँदै भने, 'अब मैले के गरुँ ? अभिनन्दन गरुँ ? जनताको प्रतिनिधिलाई नंग्याउन खोजेको हो कि ?'

आफूले प्रस्ताव गरेको विषय बजेटमा घटाएर एक करोड रूपैयाँमात्र राखेको भन्दै गिरीले सत्ताधारीमैत्री भएको ठोकुवा गरे । 'अर्थमन्त्री पौडेलले गठबन्धन नै बिर्सनुभए छ । यसरी मुलुक बन्दैन । बजेटबारे बडो खुसीका साथ कुरा राखौंला भन्ने थियो । तर, बडो गम्भीर भएर बोल्नुपर्ने अवस्था रह्यो । बजेटले नेपाली जनतालाई देखेन,' गिरीले भने, 'न विकासमैत्री भयो, न लगानीमैत्री भयो, न त सरकारपक्षीय सांसदमैत्री भयो । यो केवल भयो सत्ताधारीमैत्री । जो-जो मन्त्री र प्रधानमन्त्री छन्, उनीहरूमैत्री भयो ।'

सांसद गिरीले दाङको टरिगाउँ विमानस्थलका लागि जग्गा अधिग्रहण गर्न आफूले ७० देखि ९० करोड रूपैयाँ बजेट प्रस्ताव गरेकामा जम्मा एक करोड रूपैयाँ विनियोजन गरिएको भन्दै चर्को असन्तुष्टि पोखेका थिए ।

उनलेझैं कांग्रेस सांसद रामकृष्ण यादवले पनि बजेटमा विभेद गरिएको भन्दै असन्तुष्टि पोखे । 'बजेटमा किन काखा र पाखा गरियो ? किन भेदभाव गरियो ? किन मन्त्रीज्यूहरू क्षेत्रमुखी हुनुभयो ? पदाधिकारी र ठूलाबडाका क्षेत्रलाई मात्र प्राथमिकता दिइयो,' यादवले भने । सांसद यादवले धनुषा र सिरहा जोड्ने कमला नदी पुलका लागि बजेट नछुटयाइएको तथा चालु र गत वर्ष रातो किताबमा परेका पुल यसपालि कटौती गरिएको भन्दै चर्को आक्रोश पोखे ।

'धनुषा र सिरहा जोड्ने कमला नदी पुल २०७८ मा भासियो । के मधेस प्रदेश नेपालमा पर्दैन ? मधेसका जनता नेपाली होइनन् ? त्यो पुलमा किन आँखा गएन ? किन बजेट छुटयाइएन ?,' यादवले प्रश्न गर्दै भने, 'सहिद नगर नगरपालिका र औरही गाउँपालिकाका दुईवटा पुल यसअघि नै रातो किताबमा परेका थिए । भौतिक पूर्वाधारमन्त्रीले यसपालि किन काट्नुभयो ? तपाईंलाई के दुःख दिएको थियो । त्यहाँका जनता नेपाली होइनन् ?'

यसैगरी कांग्रेस सांसद दिलेन्द्र बडुले पनि तिंकर सडकको बजेट हटाएकोमा विरोध जनाए । 'तिंकर सडकमा सरकारको नीतिका कारण नभई नियतका कारण थलामा परेको छ,' बडुले भने, 'तिंकरसम्मको सडकलाई यसपालि बजेट त हटाइयो नै ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# 'नेपाली श्रमिकको अधिकार सुनिश्चित गर्न सरकार प्रतिबद्ध'

### द्वन्द्वग्रस्त क्षेत्रमा स्थिति थप जटिल भए उद्धारका लागि तयार

**प्रभाव संवाददाता**

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले हाल द्वन्द्वग्रस्त क्षेत्रमा रहेका नेपाली नागरिकहरूको सुरक्षालाई लिएर मन्त्रालयले आपत्कालीन उद्धारको तयारी गरिरहेको बताएका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित श्रम प्रवासन, लैंगिक समानता र जलवायु परिवर्तनको सन्दर्भमा व्यापार तथा मानवअधिकारसम्बन्धी बहुपक्षीय सरोकारवाला नीति संवाद कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले नेपाली श्रमिकको सुरक्षा, सम्मान र अधिकार सुनिश्चित गर्न सरकार पूर्णरूपमा प्रतिबद्ध रहेको बताएका हुन् । 'धेरै नेपालीहरू बम बंकरमा रात बिताइरहेका छन् । यदि स्थिति थप जटिल भयो भने उद्धारका लागि सरकार तयार छ,' मन्त्री भण्डारीले भने । हाल विभिन्न मुलुकहरूमा अवैधरूपमा रहेका सयौं हजार नेपालीहरूलाई वैध बनाउने पहल भइरहेको जानकारी पनि उनले दिए । यसका लागि विशेष गरेर महिला श्रमिकको सुरक्षालाई प्राथमिकता दिइएको मन्त्री भण्डारीले बताए ।





कार्यक्रममा उनले विदेशमा रहेका श्रमिकहरूको पक्षमा सरकारको सक्रियता र भावी योजना प्रस्तुत गरेका थिए ।

भण्डारीले हालै जेनेभामा सम्पन्न ११३औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा नेपालको प्रतिनिधित्व गरी फर्किएको जानकारी दिँदै सम्मेलनको क्रममा श्रम तथा आप्रवासन क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय निकायहरूसँग भएका छलफलहरू सकारात्मक रहेको उल्लेख गरे । मन्त्री भण्डारीले ती संस्थाहरूको निरन्तर सहयोगप्रति आभारसमेत व्यक्त गरे । मन्त्री भण्डारीले व्यापार, आप्रवासन र मानवअधिकारबिचको अन्तरसम्बन्धलाई विशेष रूपमा जोड दिँदै जिम्मेवार व्यापार अभ्याससँगै श्रमिकको मानवअधिकारको रक्षा सरकारको सर्वोच्च प्राथमिकता भएको बताए । उनले नेपाली श्रमिकमाथि हुने शोषण र विभेदप्रति शून्य सहनशीलताको नीति लिइएको जिकिर गरे ।

'वैदेशिक रोजगारी केवल आम्दानीको स्रोतमात्र नभई श्रमिकको गरिमा र अधिकारको विषय हो, हाम्रा महिला र पुरुष श्रमिकहरूले श्रम गन्तव्य मुलुकहरूको विकासमा उल्लेखनीय योगदान दिइरहेका छन्,' मन्त्री भण्डारीले भने, 'ती मुलुकहरूले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासन सुनिश्चित गर्न ग्लोबल कम्प्याक्टको मर्मअनुसार व्यवहार गर्नुपर्छ ।'

क्रमशः पृष्ठ २ मा

## नेपालीको सुरक्षा र उद्धारमा सहयोग गर्न इजरायललाई विभागको अनुरोध

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले इजरायलमा रहेका नेपाली नागरिकहरूको सुरक्षा र उद्धारमा सक्रियतापूर्वक सहयोग गर्न इजरायललाई अनुरोध गरेको छ । शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै विभागले महानिर्देशक कमलप्रसाद भट्टराई र इजरायलका राजदूत श्मुलिक ऐरी वासबीचको वार्तामा नेपालीहरूको सुरक्षाको विषयलाई प्राथमिकताका साथ उठाएको जनाएको छ ।

वार्तामा वर्तमान अवस्थामा सुधार भई स्थिति सहज भएपछि मात्र यसअघि छनोट भएर इजरायल जाने प्रतीक्षामा रहेका केयर गिभरहरूको सुरक्षित प्रस्थान मिलाउने विषयमा इजरायल सकारात्मक देखिएको जनाइएको छ । इजरायल-इरानबीचको तनावपूर्ण स्थिति साम्य भएपछि भिसा लगायतमा सहजीकरण गर्ने तथा मागबमोजिमका सहायक कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने विषयमा पनि छलफल भएको थियो । साथै, इजरायल प्रस्थानको प्रतीक्षामा बसेका सहायक कामदारहरूको भिसा म्याद समाप्त भएमा म्याद थपको व्यवस्था गर्ने सम्बन्धमासमेत छलफल भएको जनाइएको छ ।

विभागले इजरायलका ग्रोसरी, पार्क, फार्म, स्कुल, हाइवे आदिमा गएका या त्यहाँ रहेका नेपाली कामदारहरूको सुरक्षा व्यवस्थाका सम्बन्धमा जानकारी लिएको थियो । उक्त छलफलमा विभागका उपमहानिर्देशक चन्द्रबहादुर शिवाकोटी र विभागका जिटुजी शाखाका निर्देशक गिरीराज ज्ञवालीसमेत सहभागी भएका थिए ।


**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरुमा**

**हार्दिक अनुरोध !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार १५ गतेभित्र भुक्तानी** गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरुसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com

पृष्ठ १ बाट क्रमश:

## बजेटमा सत्तारुढ...

यस निर्णयलाई सच्याउन बडुले माग गरे । कांग्रेस सांसदहरूको चर्को विरोधपछि एमाले सांसद ईश्वरबहादुर रिजाल 'डिफेन्स'मा उत्रिए । सीमित स्रोत र साधनका कारण नेताहरूमा असन्तुष्टि देखिएको उल्लेख गर्दै रिजालले कांग्रेसको अर्थमन्त्री हुँदा पनि यस्तै गरी बजेट आएको दाबी गरे । 'यहाँ प्रकाशशरण महत हुनुहुन्छ । उहाँ अर्थमन्त्री हुँदा पनि यस्तै थियो । अहिले विष्णु पौडेललाई पनि खुनखुन गरिरहनुभएको छ । किन यस्तो भइरहेको छ ?,' उनले भने ।

पहिलोपटक यथार्थपरक बजेट आएको उल्लेख गर्दै उनले बजेटमा देश विकास गर्ने दृष्टिकोण रहेको दाबी पनि उनले गरे । 'मन्त्रालयको बजेट शीर्षकमा केही समानुपातिक भएन होला । तर, देश विकास गर्ने दृष्टिकोणबाट हेर्ने हो भने देशको लक्ष्य अहिले 'समृद्ध नेपाल, सुखी नेपाली' नै हो । जसको नारा भए पनि । बजेटले यो स्वीकार गरेको छ । यो टार्गेटमा पुग्न अहिलेको बजेटले घनिभूतरूपमा सम्बोधन गरेको छ । बजेट यथार्थपरक छ । पहिले हुँदैनथ्यो । पहिलोचोटी यथार्थपरक बजेट आएको छ,' उनले भने, 'त्यसकारण मन्त्रालयगत बजेट थोरबहुत तलमाथि हुँदा बिचलित भइहाल्नुपर्ने र यहाँबाट जनतामा निराशा सम्प्रेषण हुनेगरी माननीयज्यूहरू प्रस्तुत हुन आवश्यक छैन ।'

### आफ्नै मन्त्रीको खोजीमा कांग्रेस

प्रधानमन्त्री केपी शर्मा ओलीसँग प्रश्नोत्तर कार्यक्रम रहे पनि राष्ट्रिय स्वतन्त्र पार्टीको विरोधका कारण सभामुख देवराज घिमिरेले उक्त कार्यसूची हटाए । त्यसपछि विनियोजन विधेयकमाथि छलफल सुरु भयो ।

खर्च कटौतीको प्रस्तावमाथि बोल्न अमरेशकुमार सिंहको पालो आउनासाथ सत्तारुढ दल कांग्रेसका सांसद रामहरि खतिवडाले मन्त्रीको खोजी गरे । सम्बन्धित मन्त्रालयकै मन्त्रीहरू नभएको उल्लेख गर्दै खतिवडाले भने, 'संस्कृति तथा पर्यटनमन्त्री र युवा तथा खेलकुदमन्त्री उपस्थित हुनुहुन्न । उहाँहरू उपस्थित नभई छलफल सुरु गराउनु हुन्न,' खतिवडाले भने । रोस्ट्रममा बोल्न उभिएका अमरेशकुमारले महिला तथा बालबालिकामन्त्री पनि उपस्थित नभएको बताए ।

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले पनि मन्त्री नै उपस्थित नभई कार्यसूचीमा छलफल चलाउनु संसद्लाई हेपिनु भएको बताए । 'मन्त्रीहरूको उपस्थिति बेगर छलफल अगाडि बढाइनु हुन्न । यो नियमावलीको ठाडो उल्लंघन हो,' उनले भने ।

त्यसपछि युवा तथा खेलकुद मन्त्रालय र महिला तथा बालबालिका मन्त्रालयसम्बन्धी विनियोजन विधेयकमाथिको छलफल सभामुखले कार्यसूचीबाट हटाए । त्यतिबेलासम्म संस्कृति तथा पर्यटनमन्त्री बद्री पाण्डे भने प्रतिनिधिसभामा उपस्थित भइसकेका थिए । पर्यटनमन्त्री पाण्डे कांग्रेसका सहमहामन्त्रीसमेत हुन् । कांग्रेसबाटै मन्त्री बनेका खेलकुदमन्त्री तेजुलाल चौधरी मंगलबार युएईको दुबई पुगेका छन् भने महिला तथा बालबालिकामन्त्री नवलकिशोर सुडी आफ्नै पार्टीको कार्यक्रममा ललितपुर पुगेका थिए ।

## नेपाल फर्कन...

'जिटुजी प्रक्रियाअन्तर्गत इजरायल पुगेका नेपालीहरू नेपाल फर्कन वा सुरक्षित स्थानमा जान चाहेमा सोका लागि सहजीकरण गर्नु इजरायलको पनि दायित्व हो,' उनले भनिन्, 'त्यसका लागि सीमाक्षेत्रबाट अन्य मुलुकमा जान सहयोग गरिदिन इजरायल सरकारलाई अनुरोध गरिसकिएको छ । नेपालीहरू स्वदेश फर्कन चाहेमा उनीहरूको उद्धारका लागि नेपाल सरकार तयारी अवस्थामै छ ।'

उक्त बैठकमा श्रममन्त्री शरतसिंह भण्डारीले मन्त्रालय पनि त्यहाँ रहेका नेपालीहरूसँग निरन्तर सम्पर्कमा रहेको र उनीहरू स्वदेश फर्कन चाहेमा उद्धारको तयारीमा नेपाल सरकार लाग्नुपर्ने बताए । उनले हाल इजरायल जाने अन्तिम तयारीमा रहेकाहरूलाई श्रम स्वीकृति नदिई रोकिराखिएको पनि बताए ।

यही जुन १३ मा इजरायल र इरानबीच युद्ध सुरु भएकै दिन परराष्ट्र मन्त्रालयले विज्ञप्तिमार्फत दुवै पक्षलाई अधिकतम संयमता अपनाउन र वार्ताद्वारा समस्या समाधान गर्न अपिल गर्दै ती मुलुकमा रहेका नेपालीलाई सम्बन्धित नेपाली राजदूतावाससँग सम्पर्कमा रहन अनुरोध गरेको थियो । त्यसपछि जुन १५ मा सम्पर्क विवरणसहितको ट्राभल एड्भाइजरी जारी गरी सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउन नेपालीलाई अनुरोध गरिएको थियो । ती मुलुकमा हाल हवाई मार्ग बन्द रहेको अवस्थामा सुरक्षित स्थान वा सीमावर्ती मुलुकमा जान चाहने नेपालीलाई 'अनलाइन भिसा' उपलब्ध गराउनेलगायतका काममा सहजीकरण गरिदिन खाडीस्थित सबै नेपाली नियोगलाई परराष्ट्र मन्त्रालयले गत बुधबार नै निर्देशन दएको छ ।

साथै मन्त्रालयले अनलाइन पोर्टल खोलेर नेपालीहरूको विवरण लिन सुरू गरेको र उक्त पोर्टलमा हालसम्म ६०० जनाभन्दा बढीले विवरण दर्ता पनि गराइसकेका छन् । यो क्रम जारी नै छ । परराष्ट्र मन्त्रालयले गत बुधबार नै दोस्रोपटक ट्राभल एड्भाइजरी जारी गरेर हाल इजरायल तथा इरानमा रहेका नेपाली नागरिकलाई सुरक्षाका दृष्टिकोणले अधिकतम सतर्कता अपनाउन र नेपालबाट इजरायल वा मध्यपूर्वका अन्य मुलुकको भ्रमण नगर्न अनुरोध पनि गरिएको थियो ।

यसै साता नेपालका लागि इजरायलका राजदूत स्मुलिक आरी बाससँग परराष्ट्रमन्त्री डा. राणाले भेट गरी नेपाली नागरिकहरूको सुरक्षाको उचित प्रबन्ध मिलाउन इजरायल सरकारलाई अनुरोध गरेकी थिइन् । त्यसैगरी, इजरायलस्थित नेपाली राजदूतावास र इरान हेर्ने कतारस्थित नेपाली राजदूतावासलाई सम्बन्धित सरकारी अधिकारी, यस क्षेत्रमा काम गर्ने संघसंस्था र नेपाली समुदायसँग निकटको सम्पर्क स्थापित गर्न र सोका सम्बन्धमा मन्त्रालयलाई 'रियल टाइम रिपोर्टिङ' गर्न निर्देशन दिइएको छ । हाल इजरायलमा पाँच हजार ५०० देखि सात हजार नेपाली रहेका र तीमध्ये धेरैजसो तेल अभिभ, जेरुसेलम र हाइफामा रहेका छन् । त्यस्तै इरानमा १८ जना नेपाली रहेका बताइएको छ ।

## नेपाली...

जलवायु परिवर्तनको प्रभाव श्रम आप्रवासनमा कसरी परिरहेको छ भन्ने विषयमा गहन छलफल आवश्यक रहेको मन्त्री भण्डारीले जोड दिए । उनले श्रम, रोजगारी तथा सामाजिक सुरक्षा मन्त्रालयले आफ्ना सबै कार्यक्रमहरूमा जलवायु विषयवस्तुलाई समावेश गर्दै आएको जानकारी दिए । मन्त्री भण्डारीले मानवअधिकारको रक्षा र श्रमिकको मर्यादा सुनिश्चित् गर्न कुनै सम्झौता नगर्ने जिकिर गर्दै मानवअधिकारप्रति नेपालको समर्थन पूर्ण र अविचलित रहेको बताए । उनले सबै सरोकारवालासँग सहकार्यमा आधारित साझा प्रयासबाट मात्र सुरक्षित, मर्यादित र नियमित श्रम प्रवासन सम्भव हुने उल्लेख गर्दै सबैलाई साथ र सहयोगको लागि आह्वान गरे ।

# लहान नगरपालिकाले ल्यायो एक अर्ब ६७ करोडको बजेट

**सिरहा (प्रस)–** यहाँको लहान नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि एक अर्ब ६७ करोड ९५ लाख २८ हजार रूपैयाँको बजेट सार्वजनिक गरेको छ । नगरप्रमुख महेशप्रसाद चौधरीले शुक्रबार नगरसभाको १६औं अधिवेशनमा प्रस्तुत गरेको उक्त बजेटमा चालुतर्फ ७९ करोड ४० लाख रूपैयाँ अर्थात् ४७.२८ प्रतिशत र पुँजीगततर्फ ८८ करोड ५५ लाख २८ हजार रूपैयाँ अर्थात् कूल बजेटको ५२.७२ प्रतिशतको बजेट प्रस्तुत गरेका हुन् ।

यसअन्तर्गत शिक्षातर्फ २३ करोड ५८ लाख रूपैयाँ, स्वास्थ्यतर्फ २७ करोड ९३ लाख, कृषितर्फ आठ करोड ६६ लाख रूपैयाँ र पूर्वाधारतर्फ ५० करोड रूपैयाँ विनियोजन गरिएको नगरप्रमुख चौधरीले जानकारी दिए ।

नगरपालिकाको आन्तरिक आय २५ करोड रूपैयाँ हुने अनुमान गरिएको छ । सार्वजनिक नीति तथा कार्यक्रम र बजेटमा नगरप्रमुख महेशप्रसाद चौधरीले 'हाम्रो लहान-सुन्दर, समुन्नत र सभ्य लहान' निर्माणको नारालाई मूलमन्त्रका रूपमा अगाडि सारिएको बताए ।

नगरप्रमुख चौधरीले आफू निर्वाचित भएयता विगत तीन वर्षमा पूर्वाधार एवं सहरी विकास, कृषि तथा सिँचाइ, शिक्षा तथा स्वास्थ्य, पर्यटन तथा रोजगार र लागुपदार्थ दुर्व्यसनविरुद्ध विशेष फड्को मारेको जिकिर गरे । उनले आगामी बाँकी दुई वर्षे कार्यकालमा थप तथा नवीनतम कार्यहरू गर्ने लक्ष्य राखी आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउन स्थानीय उत्पादनलाई बढावा दिनेगरी बजेटमा समेटिएको जानकारी दिए ।


**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बधी सूचना**

प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०३/०७

यस ज्यामिरे कालिका सामुदायिक वन उपभोक्ता समूह मनहरी, ९ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजना वन क्षेत्रको सव कम्पार्टमेण्ट C1S5 को स्विकृत तेस्रो वर्षको पुनरुत्पादन कटान Site Plan बमोजिम बुढो रागी, मरेको, मर्नलागेको, बांगोटिंगा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल समेतको गोलिया थान ५९२ को ५१२९.५१ क्यू.फि. काठ र दाउरा १८ चट्टा र मिति २०८१।०५।०७ गतेको हावाहुरीवाट ढलेको खयर जातको गोलिया थान २१ को ५३.९१ क्युफि. समेत गरी बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री ज्यामिरे कालिका सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ९ मकवानपुर**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बधी सूचना**

प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०३/०७

यस मनकामना सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजना सव कम्पार्टमेण्ट C1S3 को स्विकृत चौथो वर्षको पुनरुत्पादन कटान Site Plan बमोजिम बुढो रागी, मरेको, मर्न लागेको, बांगोटिंगा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल समेत गोलिया थान २५४ को १९८४.४२ क्यू.फि. काठ र दाउरा ८ चट्टा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री मनकामना सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ०७ मकवानपुर**

**मलेसियामा रोजगार** कम्पनी : CHECKERS HYPERMARKET SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०६ | LT. No. 324751 | चलानी नं. ६०२२८७९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 50 | 0 | 1700 | ५५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

फाइनल अन्तरवार्ता हुने स्थान: एमबिएस भवन, धुम्बाराही चोक, काठमाडौंमा मिति: २०८२ असार १४ गते (28th Jun. 2025) मा हुनेछ । प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MERIDIAN OVERSEAS PVT. LTD.
Dhumbarahi, Kathmandu, Nepal. Tel. : +977-1-014547371/72, 9851054401, +9779813446458
श्रम ईजाजत नं. ६१३/०६२/०६३

**ओमनमा रोजगार** कम्पनी : ALNAJLA BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/०३/०४ | LT. No. 325876 | चलानी नं. ६०२३९७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -Female | 0 | 1 | 170 | ६१,१०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १४ गते (28th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम ईजाजत नं. ९७५/०६७/०६८

**युएइमा रोजगार** कम्पनी : ORIENT CONCRETE PRODUCT FACTORY LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०६ | LT. No. 318667 | चलानी नं.६०२३२८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Masons | 2 | 0 | 1300 | ४९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Welder | 1 | 0 | 1300 | ४९,०८० | | | | | | | |

कम्पनी : HADEED STEEL INDUSTRIES HSI FZC

पूर्व स्वीकृति मिति : २०८१/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०६ | LT. No. 319697 | चलानी नं.६०२३३८७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Airless Spray Industrial Grade Painters | 3 | 0 | 1500 | ५६,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 14 | 0 | 800 | ३०,२०० | | | | | | | |
| 3 | Industrial Sand Blaster | 4 | 0 | 1600 | ६०,४०५ | | | | | | | |
| 4 | Steel Structure Fabricators | 10 | 0 | 1600 | ६०,४०५ | | | | | | | |
| 5 | Welder (Mig & Arc) | 7 | 0 | 1600 | ६०,४०५ | | | | | | | |

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/२० | LT. No. 324966 | चलानी नं.६०२३९८८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 50 | 0 | 1000 | ३७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner | 95 | 0 | 900 | ३३,९७५ | | | | | | | |
| 3 | Messenger | 5 | 0 | 1000 | ३७,५७५ | | | | | | | |
| 4 | Packers | 5 | 0 | 1000 | ३७,५७५ | | | | | | | |
| 5 | Porter | 10 | 0 | 1000 | ३७,५७५ | | | | | | | |
| 6 | Resturant Worker | 20 | 15 | 1000 | ३७,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १४ गते (28th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, ०७ असार, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ । |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०७ असार , २०८२ (२१ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.०७ | १३८.६७ |
| युरो | १ को | १५८.७३ | १५९.४२ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.६० | १८६.४१ |
| स्विस फ्रैन्क | १ को | १६८.७८ | १६९.५१ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६५ | ९०.०४ |
| क्यानाडियन डलर | १ को | १०१.०४ | १०१.४८ |
| सिङ्गापुर डलर | १ को | १०७.४१ | १०७.८८ |
| जापानी येन | १० को | ९.५३ | ९.५७ |
| चिनियाँ युआन | १ को | १९.२१ | १९.२९ |
| साउदी अरब रियाल | १ को | ३६.८० | ३६.९६ |
| कतारी रियाल | १ को | ३७.८८ | ३८.०४ |
| थाई भाट | ख १ को | ४.२३ | ४.२५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.६० | ३७.७६ |
| मलेसियन रिङेट | १ को | ३२.४८ | ३२.६२ |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०८ |
| स्विडिस क्रोनर | १ को | १४.४१ | १४.४७ |
| डेनिस क्रोनर | १ को | २१.२८ | २१.३७ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६७ |
| कुवेती दिनार | १ को | ४५०.७५ | ४५२.७१ |
| बहराइन दिनार | १ को | ३६६.११ | ३६७.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# त्रिविका विद्यार्थी तथा प्राध्यापकले सरकारी अस्पतालमा उपचार सुविधा पाउने



**काठमाडौं (प्रस)**– त्रिभुवन विश्वविद्यालयका विद्यार्थी तथा प्राध्यापकहरूलाई संघीय अस्पताल तथा प्रतिष्ठानहरूमा उपचार सुविधा दिन स्वास्थ्य मन्त्रालय र त्रिविबीच समझदारी भएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र त्रिविका उपकुलपति डा. खड्ग केसीको उपस्थितिमा मन्त्रालयमा भएको समझदारीअनुसार सबै संघीय अस्पताल तथा प्रतिष्ठानहरूमा त्रिविको उपचार कोषमार्फत ९० प्रतिशत तथा १० प्रतिशत योगदानमा आधारित उपचार सुविधा उपलब्ध हुने छ । समझदारीमा त्रिविले प्राध्यापक तथा विद्यार्थीलाई स्वास्थ्य बिमामा आबद्ध गराउन प्रोत्साहन गर्नेसमेत उल्लेख छ ।

कार्यक्रममा मन्त्री पौडेलले सरकारले संगठित क्षेत्रमा आबद्ध सबैलाई स्वास्थ्य बिमा कोषमा आबद्ध गराउने निर्णय गरिसकेकाले त्रिविलेसमेत आगामी दिनमा सबैलाई आबद्ध गराएर स्वास्थ्य बिमा सुविधा उपलब्ध गराउन आग्रह गरे । यसका लागि आवश्यक गृहकार्य त्रिविले चाँडै सक्ने उनले विश्वास गरे ।

स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बनाउन स्रोत थप्नुका साथै नीतिगत सुधार भइरहेको बताउँदै मन्त्री पौडेलले त्रिविका प्राध्यापक विद्यार्थी आबद्ध हुँदा सकारात्मक सन्देश जाने बताए । मन्त्रालयका सचिव डिल्लीराम शर्माले समझदारीको प्रभावकारी कार्यान्वयन हुने विश्वास गरे ।

त्रिविका उपकुलपति डा. केसीले स्वास्थ्य बिमामा आबद्धताका लागि प्रक्रिया थालिएको भन्दै कार्यदल बनाउने बताए । उनले त्रिवि र मन्त्रालयबीच शिक्षा र स्वास्थ्यमा थप सहकार्य गर्ने बताए ।

# बेपत्ता पारिएका व्यक्तिलाई न्याय दिन नयाँ विनियमावली ल्याइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगकी अध्यक्ष लीलादेवी गड्तौलाले चाँडै विनियमावली बनाएर पीडितलाई न्याय दिने बताएकी छन् । आयोगले शुक्रबार यहाँ आयोजना गरेको संक्रमणकालीन न्यायमा पीडित र सरोकारवालासँगको अन्तरक्रियामा उनले नयाँ विनियमावली बनाउनका लागि आवश्यक छलफल गर्ने बताइन् ।

'सरकारले हामीलाई ऐन दिएको छ । अब त्यही ऐन टेकेर नयाँ विनियमावली बनाउनु छ,' उनले भनिन्, 'आयोगले वार्षिक कार्ययोजना बनाएर चाँडै काम थाल्ने छ ।'

सूदूरपश्चिम प्रदेशकी पूर्वप्रमुख तथा बेपत्ता पारिएका परिवारकी सदस्य शर्मिला त्रिपाठीले तेस्रोपटक गठन गरिएको आयोगले बेपत्ता परिवारको यथार्थ विवरण सार्वजनिक गर्नुपर्ने बताइन् । उनले पीडाको भोगाइ धेरै भएकोले अब काम सम्पन्न गर्नतिर अग्रसर हुनुपर्ने बताइन् । 'आयोग बन्दछ । अनि हामीलाई बोलाउँछ । फेरि हामीले आफ्नो पीडाका कुरा भन्छौं । अनि हामीलाई थप पीडा हुन्छ,' उनले भनिन्, 'अब आयोगले बोलाउनेमात्र होइन काम गर्नुपर्दछ ।'

उनले छोरोछोरीलाई जेनतेन पढाए जागिर पाउन समस्या भएकोले छुट्टै आरक्षणको व्यवस्था गरेर जागिरको सुनिश्चित गर्न आग्रह गरिन् । नेपाल बार एसोसिएसनका अध्यक्ष विजयप्रसाद मिश्रले आयोग पहिलेजस्तो नभएर कार्यमा केन्द्रित भई पीडितका माग सम्बोधन गर्नुपर्नेमा जोड दिए ।

शान्तराज मुल्मीले पीडितका आँशु पुछ्ने काम बन्द गर्न आयोगलाई सुझाव दिए । मानवअधिकारकर्मी सुवोध प्याकुरेलले नियम र कानुनभन्दा आपसी सहमतिअनुसार आयोगले काम सम्पन्न गर्नुपर्नेमा जोड दिए । उनले सरकारको भन्दा जनताको बलमा काम गर्न आयोगलाई आग्रह गरे । बेपत्ता पारिएका परिवारका सदस्यले आयोगले वार्षिक कार्ययोजना बनाएर काम गर्न सुझाव दिएका छन् । बेपत्ता पारिएका परिवारका सदस्य केशव खनालले बेपत्ता पारिएकालाई वर्गीकरण गरेर काम गर्न सुझाव दिए ।

अर्का पीडित ओखलढुंगाका ताराबहादुर सुनुवारले आफ्नो छोरो १९ वर्षदेखि हराएको हुँदा खोजी गर्न आग्रह गरे । 'छोरो १९ वर्षदेखि हराएको छ । यदि छोरो मरेको छ भने हामी काजक्रिया गर्छौं, बाँचेको छ भने छोरो अझ आएको छैन,' सुनुवारले भने ।

काठमाडौंकी रुवि श्रेष्ठले आफ्नो परिवारका तीन जना बेपत्ता भएकाले राज्यले अझै न्याय दिन नसकेको बताइन् । उनले अहिले राज्य र विद्रोही पक्षबाट पीडित भएका आफूहरू मिलेको भन्दै सरकारले अपराध गर्नेलाई कारबाही गर्नुपर्ने बताइन् ।

गोरखाकी लक्ष्मी कोइरालाले आफ्नो श्रीमान् २०५४ सालदेखि बेपत्ता भएकाले बेपत्ता बनाउन आदेश दिनेलाई कारबाही गर्नुपर्ने बताइन् । आयोगका सचिव खेमराज ज्ञवालीले आयोगले आत्मसम्मानमा चोट नलाग्नेगरी न्याय गरिने बताए । उनले सातवटै प्रदेशमा गएर पीडितका कुरा सुनेर कसरी न्याय दिन सकिन्छ भनेर आफूहरू सक्रिय रहने बताए । आयोगमा हालसम्म बेपत्ता परिवारका दुई हजार ५४२ उजुरी दर्ता भएका छन् ।

# बिपी राजमार्गमा राति १० घण्टा यातायात सञ्चालनमा रोक

**काभ्रेपलाञ्चोक (प्रस)**– बिपी राजमार्गमा आजदेखि १५ दिनका लागि राति १० घण्टा सवारीसाधन सञ्चालन गर्न रोक लगाइने भएको छ । आज राति १२:३० देखि बिहान ५:०० बजेसम्म करिब १० घण्टा सवारीसाधन बन्द गरिने भएको हो ।

काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको शुक्रबारको बैठकले उक्त निर्णय गरेको जानकारी दिइएको छ ।

मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै उक्त राजमार्गमा सञ्चालन हुने सार्वजनिक र निजी सवारीसाधनलाई हाललाई १५ दिनका लागि राति सञ्चालनमा रोक लगाउने निर्णय गरिएको काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी उमेश ढकालले बताए । उनका अनुसार वर्षामा बाढीपहिरोको जोखिम भएकाले यस अवधिमा काठमाडौंबाट जाने सवारीलाई काभ्रेपलाञ्चोकको काभ्रेभञ्ज्याङ र काठमाडौंतर्फ आउने सवारीलाई सिन्धुलीको खुर्कोटमा रोकिने छ ।

गत साल असोजको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गतकाभ्रेपलाञ्चोकको चौकीडाँडाबाट सिन्धुलीको बर्खेखोलासम्मको आठ किलोमिटर सडकखण्डमा भने सडक नै बगाएका कारण खोलामा कतै एकतर्फी, कतै दुईतर्फी यातायात सञ्चालन हुनेगरी अस्थायी सडक सञ्चालनमा ल्याइएको थियो । पूर्वी नेपाल जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गबाट दैनिक हजारौं यातायातका साधान आवतजावत गर्छन् ।

बाढीपहिरोले राजमार्गको कुल १६० किलोमिटरमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटबाट नेपालथोकसम्म ३४ किलोमिटर र चौथो खण्ड नेपालथोकबाटकाभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किलोमिटर गरी ८४ किलोमिटर सडकको विभिन्न स्थानमा बढी क्षति पुऱ्याएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । कार्यालयले क्षतिग्रस्त राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्काको प्रक्रियामासमेत अघि बढाइरहेको छ ।


## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम सूचना प्रकाशन मिति २०८२।०३।०७

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८१/८२ मा संकलन भएको साल, असना जातको गोलिया ११६३.८३ क्यू.फि. काठ, साल र मिश्रित दाउरा २ चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री चन्द्राकार सा.व.उ.स., रैनादेवी छहरा-७, पाल्पा ।**

## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७६/०७/२० मा दर्ता भएको श्री **खोटेहाङ यातायात प्रा.लि. (प्रा.लि. नं. २२७६६८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/०७**

**एभरेष्ट इङ्गलिस एकेडेमी**को मिति २०८२/०२/०१ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एभरेष्ट सेकेण्डरी स्कुल काठमाण्डौ (दर्ता नं.: १९६५३)** कायम गर्ने गरी मिति २०८२/०२/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६५/०३/२२ मा दर्ता भएको श्री **गैडाकोट साईबर एण्ड कम्प्युटर ट्रेडर्स प्रा. लि. (प्रा. लि. नं. ५४३६०)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बधी सूचना

प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०३/०७

यस शुभ लक्ष्मी सामुदायिक वन उपभोक्ता समूह हेटौडा ०१ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान २४७ को २३६४.९९ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री शुभ लक्ष्मी सामुदायिक वन उपभोक्ता समूह**
**हेटौडा ०१ मकवानपुर**

## बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बधी सूचना

प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०३/०७

यस सिलिडे.सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ., ०६ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिकी गरी बाँकी रहेको साल समेतको गोलिया थान ३५७ को १८१३.३१ क्यू.फि. काठ, दाउरा ४ चट्टा समेत गरी बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सिलिडे. सामुदायिक वन उपभोक्ता समूह**
**राक्सिराङ., ०६ मकवानपुर**

## साउदीमा रोजगार

कम्पनी : AMAL AWAD AL-SAHLI FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०३/०५ | LT. No. 325922 | चलानी नं. ६०२३९८७४

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६६,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १४ गते (28th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075


## सूचना ! सूचना !! सूचना !!!

### कर्जन्हा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, सिरहा, नेपाल

### भुक्तानी निकाशा सम्बन्धमा

**सूचना प्रकाशित मितिः २०८२/०३/०७**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ र २ बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा एक साता अगावै भुक्तानी दीई भुक्तानी निकाशा बन्द गरि हिसाब मिलान गरी प्रतिवेदन तालुक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा स्थानीय तहमा SUTRA प्रणालीबाट आर्थिक कारोबार हुने गरेकोमा गत आर्थिक वर्षको आपार २५ गते राति १२:०० बजे SUTRA प्रणालीमा खर्च लेखांकन कारोवार रोक्का भई आर्थिक कारोवार बन्द भएको व्यहोरा अवगत नै होला, तसर्थ सो सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको च.नं. १४२ मिति २०८२/०२/२० को पत्रानुसार चालु आर्थिक बर्षको कारोवार २०८२/०३/२५ गते रति १२:०० बजे देखि स्थानीय तहको संचितकोष व्यवस्थापन प्रणाली SUTRA को कारोवार प्राणाली बन्द हुने भएकाले यस नगरपालिकाको पुँजीगत योजनाहरुसँग सम्बन्धित भुक्तानी असार १५ गतेभित्र र चालु प्रकृतिक कर्यक्रमहरुसँग सम्बन्धित खर्चको भुक्तानी आसर १० गतेभित्र कार्यसम्पन्न गरी सम्पूर्ण कागजातहरु प्रमाणित गरि अनिवार्य रुपमा आर्थिक प्रशासन शाखामा पेश गरी भुक्तानी लिन हुन अनुरोध छ । साथै तोकिएको समयमा आवश्यक सम्पूर्ण कागजात आर्थिक प्रशासन शाखामा पेशहुन नसकी भुक्तानी हुन नसकेमा सोको जिम्मेवारी सम्बन्धित अन्तर्गत विषयगत शाखार रफर्मरकर्मचारीरनिर्माण व्यवसायीरउपभोक्ता समिति लगायत सम्बन्धित सरोकारवाला सेवाग्राही स्वयम नै हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

प्र. प्र. अ.


## मलेसियामा रोजगार

कम्पनी : ALPHA MULTI FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/०१/१६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०३/०५ | LT. No. 303896 | चलानी नं. ६०२३३९४५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1500 | ४८,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १४ गते (28th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851040203, 9851419911
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६

## युएइमा रोजगार

कम्पनी : BASATIN LANDSCAPING LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०६ | LT. No. 320069 | चलानी नं. ६०२३४१५६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 56 | 0 | 1200 | ४५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 13 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

कम्पनी : BASATIN LANDSCAPING LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/०६ | LT. No. 311874 | चलानी नं. ६०२२६२६१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | tile layer | 22 | 0 | 1200 | ४५,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 25 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 3 | agriculture worker | 50 | 0 | 900 | ३३,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १३ गते (27th Jun. 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## जापानमा रोजगार

कम्पनी : Regional Industry Partnership Cooperative

पूर्व स्वीकृति मिति : २०८२/०३/०५ | LT. No. 325898 | चलानी नं. ६०२३९८८५

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Equipment | 2 | 0 | 176000 | १६७,९०० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १४ गते (28th Jun. 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Career Development Human Resource Pvt. Ltd.**
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com
श्रम ईजाजत नं. १२३०/०७४/०७५



# कीर्तिमानी आरोहीहरूको गाउँ ‘बेदिङ’

एउटै परिवारका सबैभन्दा धेरै सदस्यहरूले सगरमाथा आरोहण गर्न सफल भएको कीर्तिमान पनि बेदिङसँग जोडिएको छ । बेदिङका स्व. छिरिङनोर्बु शेर्पा र आमा किञ्जुङ शेर्पाका आठजना सन्तानले सगरमाथा आरोहण गरेर विश्वकीर्तिमान बनाएका छन् । एउटै आमाका छोराछोरीहरु पेम्बाग्याल्जेन, फुर्वाथुण्डु, पेम्बादोर्जे, दावाडिकी, निमाग्याल्जेन, फुर्वातेञ्जिङ, फुर्वाठिले र निमाल्हामु शेर्पाले सगरमाथा चढेर गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम दर्ता गराएका थिए ।

बेदिङ गाउँकै शेर्पाहरुमध्ये कीर्तिमान मिङमा जी शेर्पाले राखेको विश्वकीर्तिमानको आफ्नै विशेषता रहेको छ । हिमालमा जति धेरै उचाइ माथि जाँदा अक्सिजन कम हुँदै जाने गर्दछ । यसैकारण आरोहीहरुले हिमाल जाँदा पूरक अक्सिजनको प्रयोग गर्ने गरेका छन् । तर मिङ्माजी फरक व्यक्तिका रुपमा प्रमाणित भए । उनले संसारका आठ हजार मिटरभन्दा अग्ला सबै हिमालहरु पूरक अक्सिजनको प्रयोगविना आरोहण गर्ने पहिलो नेपाली बन्ने सफलता प्राप्त गरे । उनले सातै महादेशका उच्च हिमालहरु चढेर पर्वतारोहणका क्षेत्रमा नयाँ आयाम थपे जुन त्यति सहज छैन ।

**राजु सिलवाल**/काठमाडौं

सन् १९५२ मा स्वीजरल्याण्डको एउटा अनुसन्धान टोली काठमाडौं, दोलखाहुँदै रोल्वालिङ उपत्यकाबाट पाँच हजार ७०० मिटर उचाइमा रहेको तासिलाप्चा पास पार गरेर सगरमाथातर्फ गएको थियो । त्यो टोलीमा दोलखाको गौरीशंकर गाउँपालिकास्थित बेदिङ गाउँका रिताछिरी शेर्पा पनि सामेल भएका थिए । बेदिङबाट सगरमाथा क्षेत्र जाने उनी पहिलो व्यक्ति थिए ।

बेदिङ गाउँ हिमाल आरोहीहरूको गाउँका रूपमा परिचित छ । यो गाउँका बासिन्दाहरू विगत लामो समयदेखि हिमाल आरोहण पेसामा आबद्ध छन् । रिताछिरी सन् १९५३ मा सर एडमण्ड हिलारी तथा तेञ्जिङनोर्गे शेर्पाको टोलीमा पनि सगरमाथामा गएको जानकारी उनका छोरा दावाछिरी शेर्पाले दिए । त्यतिबेला उनका साथमा उनका ज्वाइँ पेम्बुतर शेर्पा पनि गएका थिए । हिलारी नेतृत्वको आरोहण टोलीमा संलग्नतापछि रिताछिरीले चीनको स्वशासित क्षेत्र तिब्बतबाट याक ल्याएर बेदिङ र ना गाउँमा पशुपालन गरेका थिए । केही वर्षअघि ८५ वर्षको उमेरमा उनको निधन भएको थियो । उनका छोरा दावाछिरीले पनि १२ पटक सगरमाथा आरोहण गरेका थिए । २०५८ सालमा दर्ता गरिएको एभरेस्ट समिटर्स क्लब, रोल्वालिङ, दोलखाका अध्यक्षसमेत रहेका दावाछिरीका अनुसार हालसम्म बेदिङ गाउँका सयौंले सगरमाथाको सफल आरोहण गरिसकेका छन् । जसमा महिलाहरूको संख्या नगण्य छ । बेदिङका छ जनाको हिमाल आरोहणका क्रममा निधन भएको थियो । उक्त गाउँका सगरमाथा आरोहीहरूमध्ये ५२ जना जीवित छन् । बेदिङकै सगरमाथा आरोही आङफूर्वा शेर्पा ८० वर्ष कटिसकेका छन् । उनी हाल काठमाडौंमा बस्छन् । अन्य धेरै आरोही कामका सिलसिलामा काठमाडौंमै बसे पनि बर्खायामका बेला गाउँमा भेटिन्छन् । केही आरोही भने अमेरिका पुगेका छन् ।

## स्मरणीय आरोहीहरू

वि.सं. २०५० वैशाख १० गते पहिलो नेपाली महिला आरोहीका रूपमा सगरमाथा आरोहण गर्न सफल स्व पासाङल्हामु शेर्पाको पर्वतारोहण टोलीको सरदारका रूपमा सोनामछिरिङ शेर्पा रहेका थिए । शिखरबाट फर्कंदा पासाङल्हामु तथा सोनामछिरिङ शेर्पा साथै थिए । अचानक मौसम बिग्रेर समयमा उद्धार गर्न नसकिएको केही दिनपछि पासाङल्हामुको शव फेला परेको थियो भने सोनामछिरिङलाई फेला पार्न सकिएन । उनको शव हालसम्म भेटिएको छैन । आरोही पेम्बादोर्जे शेर्पाका अनुसार सोनामछिरिङ पनि बेदिङ गाउँकै थिए । यो पंक्तिकारले २०४९ सालमा सोनामछिरिङलाई कम बोल्ने स्वभावका साथै अत्यन्त शालीन व्यक्तिका रूपमा भेटेको थियो ।

सगरमाथा आरोहणका क्रममा ज्यान गुमाउने बेदिङबासीमध्ये लोप्साङजाङ्बु शेर्पालाई अझै मानिसहरू सम्झने गर्दछन् । पंक्तिकारले उनलाई भेट्दा हिमालमा कसरी नयाँ कीर्तिमान कायम गर्न सकिन्छ भन्ने लक्ष्यबाहेक अन्य ध्याउन्न केही नभएको पाएको थिएँ । राष्ट्रिय पोसाक लगाएर सगरमाथा चढेका लोप्साङजाङ्बुको नयाँ कीर्तिमान कायम गर्ने सिलसिलामा हिमालमै निधन भएको थियो ।

दोलखा जिल्लास्थित गौरीशंकर गाउँपालिकाको हाल वडा नं. ९ मा रहेको बेदिङ गौरीशंकर नामले पनि परिचित छ । रोल्वालिङ उपत्यकामा रहेको यो गाउँ समुद्री सतहदेखि तीन हजार ६९० मिटरदेखि चार हजार २०० मिटरसम्मको उचाइमा छ । रोल्वालिङ उपत्यका पर्वतारोहण गाइडको प्रशिक्षणलाई उपयुक्त स्थल मानिएको छ । विश्वकै चर्चित माउण्टेन गाइडहरू यसै स्थलका बासिन्दा भएको स्थानीय ९ नं वडाका अध्यक्ष डिमागेली शेर्पा बताउँछन् ।

रोल्वालिङ उपत्यका जहाँबाट सगरमाथा तथा तिब्बत पनि जान सकिन्छ । यहींको बेदिङ गाउँमा मानिसहरू हिउँदमा बस्ने गर्दछन् भने वर्षाको समयमा लेकमा रहेको ना गाउँमा सर्ने गर्दछन् । ना भनेको शेर्पा भाषामा तीर्थ भएको गाउँ पनि भनिन्छ । बेदिङमा गाउँबस्ती ठूलो छ । यहाँबाट विभिन्न मुलुकका साथै आन्तरिक पर्यटकहरू च्छो रोल्पा ताल, दूधकुण्ड तथा ना तीर्थ पनि जाने गरेका छन् । प्रथम सगरमाथा आरोही स्वर्गीय एडमण्ड हिलारीले यहाँ स्कुल बनाइदिएका थिए । बेदिङमा बिजुली पुगे पनि हालसम्म इन्टरनेटको सुविधा पुग्न सकेको छैन । बेदिङस्थित स्वास्थ्य चौकीमा हालै सरकारी नर्सको दरबन्दीको व्यवस्था गरिएको जानकारी आरोही फुर्वातेञ्जिङ शेर्पाले दिए ।



तस्बिर: मिङमा जी शेर्पाको फेसबुक पेजबाट

## कीर्तिमान नै कीर्तिमान

यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि बाटो बनाउने ‘रोप फिक्सिङ’ टोलीमा बेदिङकै छिरिङपेम्बा शेर्पा पनि थिए । यसपालि सगरमाथामा सबैभन्दा पहिलो सफल आरोहण छिरिङपेम्बाले नै गरेका थिए ।

सगरमाथाका पाका आरोही ङवाङयोन्देन शेर्पा पनि बेदिङवासी नै छन् । प्रथम पटक हिउँदयाममा सगरमाथा आरोहणको कीर्तिमान उनको नाममा छ । त्यतिखेर उनी जापानी पर्वतारोही टोलीका साथ सगरमाथा गएको थियो । ७३ वर्ष पुगेका शेर्पा हाल काठमाडौंमा बस्छन् । बेदिङ निवासीहरूमध्ये हालसम्म सबैभन्दा धेरै पटक सगरमाथा आरोहण गर्नेहरूमा पेमाछिरिङ शेर्पा छन् । उनले २३ पटक सगरमाथा चढिसकेका छन् । यसै गाउँकी आरोही दावायाङजुङ शेर्पा संसारका आठ हजार मिटरभन्दा अग्लो १४ वटा हिमाल चढ्न सफल पहिलो नेपाली महिला बनेकी छन् । उनी पहिलो महिला एसियन माउण्टेन गाइड पनि हुन् । बेदिङकै निमाग्याल्जेन शेर्पाले पनि आठ हजार मिटरभन्दा अग्लो १४ वटा हिमाल चढेका थिए । बेदिङका आरोहीहरूमध्ये उनले सबैभन्दा पहिले ती १४ वटै हिमालको आरोहण गरेका थिए ।

एउटै परिवारका सबैभन्दा धेरै सदस्यहरूले सगरमाथा आरोहण गर्न सफल भएको कीर्तिमान पनि बेदिङसँग जोडिएको छ । बेदिङका स्व. छिरिङनोर्बु शेर्पा र आमा किञ्जुङ शेर्पाका आठजना सन्तानले सगरमाथा आरोहण गरेर विश्वकीर्तिमान बनाएका छन् । एउटै आमाका छोराछोरीहरू पेम्बाग्याल्जेन, फुर्वाथुण्डु, पेम्बादोर्जे, दावाडिकी, निमाग्याल्जेन, फुर्वातेञ्जिङ, फुर्वाठिले र निमाल्हामु शेर्पाले सगरमाथा चढेर गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम दर्ता गराएका थिए । यसअघि सन् २०१८ मा सोही परिवारका चार दाजुभाइ, दिदीबहिनी पेम्बादोर्जे, फुर्वातेञ्जिङ, दावाडिकी र फुर्वा ठिलेले एकै पटक सगरमाथा शिखरमा पुगेर पहिलोपटक दाजुभाइ तथा दिदीबहिनी एकसाथ सगरमाथाको शिखरमा पुगेको विश्वकीर्तिमान बनाउन सफल भएका थिए । सोही परिवारमा फुर्वातेञ्जिङ शेर्पा यसपालिको वसन्त ऋतुमा १७औं पटक सगरमाथाको आरोहण गरेका थिए ।

## बेदिङको वीरता

बेदिङ गाउँकै शेर्पाहरूमध्ये कीर्तिमान मिङमाग्याल्जे ‘मिङमा जी’ शेर्पाले राखेको विश्वकीर्तिमानको आफ्नै विशेषता रहेको छ । हिमालमा जति धेरै उचाइ माथि जाँदा अक्सिजन कम हुँदै जाने गर्दछ । यसैकारण आरोहीहरूले हिमाल जाँदा पूरक अक्सिजनको प्रयोग गर्ने गरेका छन् । तर मिङ्माजी फरक व्यक्तिका रूपमा प्रमाणित भए । उनले संसारका आठ हजार मिटरभन्दा अग्ला सबै हिमालहरू पूरक अक्सिजनको प्रयोगविना आरोहण गर्ने पहिलो नेपाली बन्ने सफलता प्राप्त गरे । उनले सातै महादेशका उच्च हिमालहरू चढेर पर्वतारोहणका क्षेत्रमा नयाँ आयाम थपे जुन त्यति सहज छैन । यसैगरी, हिउँदमा हिमाल चढ्नु ज्यादै कठिन मानिन्छ । उनले हिउँदमा पहिलोपटक अन्य नेपाली आरोहीहरूसँगै संसारकै दोस्रो अग्लो हिमाल केटु चढेर आफूलाई विश्वकीर्तिमानी आरोहीको पंक्तिमा उभ्याए ।



तस्बिर: मिङमा जी शेर्पाको फेसबुक पेजबाट

मिङ्माजीले आफ्नो बाजेबराजुकै बाटो पछ्याउँदै आइरहेका छन् । हिमाल चढ्ने क्रममा आठवटा औंला हिउँले खाएर पेसाबाटै वञ्चित हुनुपरेका बाबु दोर्जी शेर्पाको प्रोत्साहनबाट उनी हिमाल चढ्न प्रेरित भएका थिए । ६४ वर्षको उमेरमा निधन भएका बुबाले आफूलाई हिमाल चढ्, हिमालले तिमीलाई पाल्छ भनी बरोबर भन्ने गरेको छोरा मिङ्माजी स्मरण गर्छन् । हाल बेदिङमै रहेकी आमा रिञ्जिनडोमा शेर्पाले भने छोरालाई हिमाल चढ्ने काम गर्दै नगर भनेर सचेत गराउँथिन् । सुरुमा खासै इच्छा नभएता पनि पर्वतारोहणलाई पछ्याएका बेदिङका शेर्पाहरूको गतिविधिबाट आकर्षित हुँदै एसएलसी परीक्षा उत्तीर्ण भएपछि मिङमा जी हिमालतर्फ गएका थिए । पर्वतारोहणतर्फ लागेका दोर्जीका छोरीहरू निमाजाङमु शेर्पा, छिरिङनाम्गेल शेर्पा तथा दावाफुटी शेर्पा पनि आरोहीका रूपमा स्थापित भएका छन् । मिङ्माजीले पहिलोपटक सन् २००६ मा जापानी आरोहीहरूका साथ मनास्लु हिमाल आरोहण टोलीमा संलग्न हुने अवसर पाएका थिए ।

## छिटो-छिटो आरोहण

आरोही मिङ्माजी शेर्पाले अन्य तीन चिनियाँ आरोहीहरूसँगै हालै दक्षिण अमेरिकास्थित अकोन्कागुवा हिमाल आरोहण गरेर आफ्नो सातै महादेशका उच्च हिमाल चढ्ने अभियान टुंग्याएका थिए । उनले विश्वको सर्वोच्च शिखर सगरमाथा छ पटक आरोहण गरिसकेका छन् । उनले पछिल्लोपटक सन् २०२२ मा सगरमाथा आरोहण गरेका थिए । उनले सन् २०२४ को अवधिमा उत्तर अमेरिकाको माउण्ट डेनाली, अस्ट्रेलियामा पर्ने माउण्ट कास्टन पिरामिड, रसियामा रहेको माउण्ट एल्बरुस, अन्टार्टिकामा रहेको माउण्ट भिन्सन्, दक्षिण अफ्रिकाको ताञ्जानियामा रहेको माउण्ट किलिमाञ्जरो र अर्जेन्टिनामा रहेको माउण्ट अकोन्कागुवा हिमाल चढ्न भ्याएका थिए । गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मासमेत नाम लेखाउन सफलता प्राप्त गरेका मिङ्माजीको कीर्तिमानले बेदिङ गाउँलाई मात्र नभई समस्त नेपालीलाई नै गौरवान्वित बनाएको धारणा पर्वतारोहीहरूले व्यक्त गरेका छन् ।

मिङ्मा जीले सन् २०२२ मा मनास्लु हिमालको आरोहण गरी १४ वटा हिमाल आरोहण गर्ने क्रम सुरु गरेका थिए । उनले गत सन् २०२३ को मेदेखि अक्टोबरसम्ममा सगरमाथा, ल्होत्से, पाकिस्तानको नांगापर्वत, गेसरब्रुम १, गेसरब्रुम २, ब्रोडपिक र केटु, धवलागिरि तथा चोयू गरी नौवटा हिमालको सफल आरोहण गरेका थिए । उनले सन् २०२४ मा अन्नपूर्ण, मकालु, कञ्चनजंघा र चीनको तिब्बतमा पर्ने सिसापाङ्मा चढेर १४ वटा हिमाल चढ्ने अभियान सम्पन्न गरेका थिए । उनले अर्जेन्टिनास्थित अकोन्कागुवा हिमाल चढेर सात महादेशका शिखर चढ्ने अभियान पनि टुंग्याएका थिए । स्की गर्दै दक्षिणी ध्रुवमा पुगेका मिङ्माजीले कुशल स्की खेलाडीको परिचय पनि दिएका छन् । सन् २०२७ मा स्की गरेर उत्तरी ध्रुवमासमेत पुग्ने उनको लक्ष्य छ ।

## अब्बल गाइड

मिङ्मा जी शेर्पाले हिमालमा गाइड गर्दै विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमाल तथा सातै महादेशका सात उच्च हिमाल चढ्न सफल भएका हुन् । उनले विश्वका कुनै पनि हिमालमा गाइड गर्न नेपाली माउण्टेन गाइड सक्षम भएको सन्देश दिन आफूले प्रयास गरेको बताए । हिमालमा गाइड गर्ने काम अत्यन्त जटिल र जोखिमपूर्ण मानिन्छ । आरोहीलाई हिमालको शिखरसम्म पथप्रदर्शन गर्दै लगेर सकुशल आधार शिविरसम्म फिर्ता ल्याउनु उसको जिम्मेवारीभित्र पर्दछ । हाल नेपालका हिमालहरूमा नेपाली माउण्टेन गाइडहरूको वर्चस्व छ । अहिले विभिन्न मुलुकका हिमालमा गाइड गर्ने काममा केही नेपाली संलग्न हुँदै आइरहेका छन् । हाल अमेरिका, युरोपका साथै अन्टार्टिकामासमेत नेपाली माउण्टेन गाइडले काम गरिरहेका छन् । भविष्यमा अन्य नेपालीले पनि विदेशी कम्पनीका लागि गाइड गर्न सक्ने सम्भावनाको ढोका खुलेको उनको धारणा रहेको छ ।

क्रमशः पृष्ठ ५ मा

# आँपले सुसज्जित सिरहा, चिस्यान केन्द्र नहुँदा समस्या

■ सुदिप राउत



**सिरहा–** यो मौसम हो आँपको । अर्थात् सिरहा यतिबेला आँपमय बनेको छ। पूर्वपश्चिम राजमार्गस्थित सडक किनारा आँपले छपक्कै ढाकिएका छन् । हावाको सर्कोसँगै आँपको मिठास र सुगन्धले भरिएको छ मौसम । हरेक घरको आँगन, बगैंचाको कुना र बजारको छेउमा बगिरहेको आँपको सुगन्ध सिरहाको पहिचान हो । हावामा घुलिएको त्यो सुगन्ध, जुन स्वादमा बदलिन्छ । यही स्वाद अब व्यवसाय, रोजगारी र आत्मनिर्भरताको गाथा बन्न थालेको छ ।

आँपको राजधानीका रूपमा लिइन्छ सिरहालाई । यद्यपि, यो उपाधि कुनै आधिकारिक निकायले दिएको नभएर जनमानसमा विकसित भएको उपमा हो । सिरहालाई 'आँपको राजधानी' भन्ने चलन यसको बृहत् उत्पादन, समथर भूभाग, गर्मी मौसम, विशिष्ट गुणस्तर र व्यापारिक महत्त्वजस्ता कारण मुख्य हुनसक्छ ।

आँप केवल स्वादिलो फलमात्र होइन, यो पोषण, स्वास्थ्य, संस्कृति र अर्थतन्त्रसँग गाँसिएको फल पनि हो । त्यही भएर यसलाई 'फलको राजा' मात्र नभई 'जीवनको फल' पनि मानिन्छ । यसको खेतीमा जीवनयापन गर्ने हजारौं व्यावसायिक किसानको आशा, मिहेनत र भविष्य यसैमा गाँसिएको हुन्छ । आँप केवल स्वाद र सुगन्धको प्रतीकमात्र होइन, यो धेरैका लागि जीवनको आधार पनि हो ।

गोलबजार नगरपालिका-३ स्थित मुसहर्नियाका किसान भरत यादव र निरज सिंहले करिब १०० बिघा क्षेत्रफलमा फैलिएको आँपको व्यवस्थित बगैंचा तयार गरेका छन्, जुन अहिले जिल्लाकै सबैभन्दा ठूलो व्यावसायिक आँपखेतीको नमूना बनेको छ । यो बगैंचाले केवल उत्पादनको मात्रामा मात्र योगदान दिएको छैन, जिल्लामा व्यावसायिक आँपखेतीतर्फ किसानको रुचि बढाउने प्रेरणा पनि प्रदान गरेको छ ।

'पहिला परम्परागतरूपमा खेती गर्थ्यौं, अहिले भने बजार, प्रविधि र व्यवस्थापनमा ध्यान दिएर व्यावसायिक बनाएका छौं,' किसान सिंहले भने, 'आँपखेतीबाट दैनिक २५ देखि ३० जनाले रोजगारी पाउने गरेका छन्। सिजनमा २०० देखि ५०० कार्टुनसम्म आँप टिप्ने, प्याक गर्ने र त्यसलाई काठमाडौं, पोखरा, वीरगञ्ज, जनकपुरसम्म लैजाने गरेका छौं ।' बगैंचाबाट हरेक वर्ष लाखौं रूपैयाँको आँप बिक्री हुने गरेको उनको भनाइ छ ।

नेपालमा आँपको मुख्य मौसम सुरू नहुँदै बजार भारतीय आँपले भरिने क्रम यस वर्ष पनि दोहोरिएको किसान सिंहले दुःखेसो पोखे । उनका अनुसार, जेठको दोस्रो सातादेखि नै नेपालका सहरबजारमा भारतीय आँपको बर्चस्व देखिन्छ, जबकि स्थानीय आँप असारको पहिलो, दोस्रो हप्तामात्र परिपक्व हुन सुरू गर्छन् । 'यसले गर्दा देशभरका व्यावसायिक किसान चिन्तित छन्,' उनले भने ।

यहाँका आँप बजारमा आउनुअघि नै सस्तो दरमा भारतीय आँप बग्रेल्ती भित्रिएपछि यहाँका किसान प्रतिस्पर्धामा पछाडि परेका छन् । सिरहाको मुसहर्नियाका व्यावसायिक कृषक भरत यादव भने, 'हामीले मिहेनत गरेर आँप उत्पादन गर्‍यौं, तर भारतीय आयातले हाम्रो उत्पादनलाई बजार नै नदिएपछि ठूलो घाटा सहनुपरेको छ । एकातिर आँपको उत्पादन घट्यो, अर्कातर्फ बजार मूल्य उस्तै रह्यो ।'

भारतीय आँप नेपालमा सस्तो मूल्यमा पाइने भए पनि, उपभोक्ताले धेरैजसो अवस्थामा रसायन प्रयोगको डर, कम स्वाद र कम ताजगीजस्ता गुनासो व्यक्त गर्ने गरेका छन् । नेपालमा फलफूल आयातका सम्बन्धमा स्पष्ट नीतिको अभाव, कमजोर सीमास्तर निगरानी र स्थानीय उत्पादनको संरक्षण नहुनु मुख्य कारण मानिन्छ । किसानहरू भन्छन्, 'नेपाल सरकारले कागजमा आत्मनिर्भरता भन्ने नारा लगाउँछ, तर व्यवहारमा किसानको संरक्षण छैन ।'

स्वाद र गुणस्तरमा अब्बल भए पनि स्थानीय आँप उत्पादनले बजारमा भारतीय फलसँग प्रतिस्पर्धा गर्न कठिनाइ भोगिरहेको छ । विदेशी आँप बढी चम्किला, आकर्षक देखिए पनि तीमध्ये धेरैमा अत्यधिक विषादी वा रसायन प्रयोग हुने गरेको खबर सार्वजनिक भइरहन्छन् । लहान-२४ का व्यावसायिक किसान शम्भु चौधरी भने, 'हामीले रोग नियन्त्रणका लागि केही जैविक उपायमात्र अपनाउँछौं र अत्यधिक विषादी प्रयोग गर्दैनौं । यसैले हाम्रो आँप स्वादिलो, सुरक्षित र ताजा हुन्छ ।'

### आँप उत्पादनमा सिराहा पहिलो

मधेस प्रदेश आँपखेतीका लागि उर्वरभूमि हो । यहाँको हावापानी, माटो आँप उत्पादनका लागि सुहाउँदो छ । प्रदेशको सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ जिल्लामा व्यावसायिकरूपमै आँपखेती हुँदै आएको छ । आँप उत्पादनमा यो प्रदेशको ७७ प्रतिशतभन्दा बढी योगदान रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेस प्रदेशका सचिव डा. उमेश दाहालको भनाइ छ ।

मन्त्रालयको तथ्यांकानुसार देशभर ४२ हजार ७७३ हेक्टर क्षेत्रफलमा आँपखेती हुन्छ । जसबाट वार्षिक उत्पादन हुने पाँच लाख १३ हजार ५५ मेट्रिक टन आँपमा मधेस प्रदेशमा मात्र २९ हजार ९९ हेक्टर क्षेत्रफलमा आँपखेती हुने गरेको छ । जहाँबाट वार्षिक तीन लाख ९५ हजार ७९४ मेट्रिक टन आँप उत्पादन हुने गरेको छ ।

आँप उत्पादनका दृष्टिले सिराहा सबैभन्दा अगाडि छ । सिराहमा वार्षिक एक लाख चार हजार ६७६ मेट्रिक टन आँप फल्छ भने सप्तरीमा ९६ हजार, धनुषामा ३६ हजार ९१६, महोत्तरीमा ३२ हजार ७२२, सर्लाहीमा ३९ हजार ११८, रौतहटमा ६२ हजार ५६१, बारामा १९ हजार २६९ र पर्सामा चार हजार ७३१ मेट्रिक टन आँप उत्पादन हुने गरेको मन्त्रालयको तथ्यांक छ ।

### स्वादमा नामी

नेपालका विभिन्न सहरमा 'लहानको माल्द आँप' भनेर बिक्री हुने आँप स्वादका हिसाबले चर्चित त छ, तर पछिल्लो समय बजारमा ठगी, विषादी प्रयोग र नक्कली 'लेबलिङ'का कारणले यसको बदनामी पनि उत्तिकै बढ्दो छ । लहानकै माल्दको स्वाद पाएकाहरूमाझ भने यो आँप नामी छ ।

लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइले भने, 'लहानकै वास्तविक माल्द आँप खाएका उपभोक्ता यसको मिठास, सुगन्ध र प्राकृतिक रसिलोपनाको खुलेर प्रशंसा गर्छन् । तर बजारमा यही नाममा कम गुणस्तरका, समयअगावै टिपेर पकाइएका वा भारतीय आँप बिक्री हुँदा उपभोक्तामा भ्रम र असन्तुष्टि बढेको छ ।' राजमार्गको उत्तरी भेगमा पर्ने सिरहाको लहान, धनगढीमाई, गोलबजार, मिर्चैया र कर्जन्हा नगरपालिकाको चुरे क्षेत्रमा सुक्खा जमिनमा फल्ने आँप दक्षिणी भेगमा ओसिलो ठाउँमा फल्ने आँपभन्दा स्वादिलो र मिठो हुन्छ ।

### स्थानीय आँपको 'ब्राण्डिङ'

'लहानको आँप' भनेर अर्कै ठाउँको बेच्ने, एउटा आँप भनेर अर्कै बेच्ने, विषादी प्रयोग गरिएको आँप बेचेर लहानको आँपलाई बदनाम गराउनेलाई निरुत्साहित गरी अर्ग्यानिक लहानको आँपको प्रवर्द्धन गर्न लहान नगरपालिकाले विगत दुई वर्षदेखि यहाँको माल्द आँपलाई 'ब्राण्डिङ' गरी काठमाडौंलगायत विभिन्न सहरमा पठाइने गरिएको छ । गाउँगाउँमा किसानले उत्पादन गरेको आँपलाई ब्राण्डिङ, ग्रेडिङ र प्याकेजिङ गर्नाले उपभोक्ता र उत्पादक नठगिने नगरपालिकाका कृषि संयोजक बद्रीनारायण चौधरीले बताए ।

जसअनुसार पहिलो वर्ष ३० मेट्रिक टन र दोस्रो वर्ष ९० मेट्रिक टन आँप 'ब्राण्डिङ' गरी काठमाडौं, पोखरा, हेटौंडालगायत सहरमा बिक्री गरेको कृषि संयोजक चौधरीले जानकारी दिए । त्यसैगरी यस वर्षबाट गोलबजारको आँपलाई पनि 'ब्राण्डिङ' गरिएको छ ।

### उत्पादन कम भएपछि गरिएन 'ब्राण्डिङ'

आँपको उत्पादनमा कमी भएपछि यस वर्ष यहाँको आँपलाई 'ब्राण्डिङ' नगरिएको लहान नगरपालिका कृषि शाखाले जनाएको छ । एक वर्ष बिराएर फल्ने आँप गत वर्ष लटरम्म फलेकाले यस वर्ष गत वर्षको तुलनामा उत्पादनमा २० प्रतिशतले कमी आएको छ । जसले गर्दा मागअनुसार पुर्‍याउन नसक्ने भएकाले यस वर्ष ब्राण्डिङ नगरेको लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाइले जानकारी दिए ।

सप्तरीको सुरूङगामाई नगरपालिकाको उत्तरी भेगमा पर्ने श्रीपुर क्षेत्रमा उत्पादन हुने ठूलो परिमाणको आँपको बजार पनि लहान हो । सिरहा जिल्लाभित्र राष्ट्रिय राजमार्गसँग जोडिएको र चुरे क्षेत्रको वातावरण रहेको लहान, गोलबजार, धनगढीमाई, गोलबजार मिर्चैया र कर्जन्हा नगरपालिकाले ५० प्रतिशत अनुदानमा आँपको बिरुवा किसानलाई वितरण गर्ने कार्यक्रम ल्याएपछि आँपखेतीको विस्तार भइरहेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र महासेठको भनाइ छ ।

### चिस्यान केन्द्र नहुँदा समस्या

२०८१ चैत २६ गते मधेस प्रदेशसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेशको मुख्य फल आँपलाई युरोपलगायत मुलुकमा निर्यात गर्नुपर्ने बताएका थिए । मधेसको आँपको रसलाई जुसका रूपमा ब्राण्डिङ गरेर मनग्य आम्दानी लिन सकिने प्रधानमन्त्रीको भनाइ थियो । तर आँपको भण्डारण गर्न आवश्यक पर्ने चिस्यान केन्द्र सिरहामा मात्र होइन, मधेस प्रदेशमै छैन ।

चिस्यान केन्द्र निर्माणका लागि स्थानीय तहको स्रोतसाधनले नधान्ने लहान नगरप्रमुख महेशप्रसाद चौधरीको भनाइ छ । त्यसका लागि प्रदेश तथा संघीय सरकारसँग पटक-पटक पहलकदमी गरेता पनि बेवास्ता गरिएको उनले गुनासो गरे । 'व्यवस्थित चिस्यान केन्द्र भए किसानले आँप भण्डारण गरी मूल्य आएका बेला बेच्न पाउँथे । त्यसका लागि केन्द्र तथा प्रदेश सरकारसमक्ष कुरा राखे पनि अहिलेसम्म प्रगति हुन सकेन । सबैभन्दा बढी आँप उत्पादन हुने क्षेत्रमा चिस्यान केन्द्र नहुनु विडम्बना हो,' उनले भने ।

सरकारले आँपखेती गर्ने व्यावसायिक किसानका लागि चिस्यान केन्द्र, प्रशोधन कारखाना र निर्यातमा सहजीकरण गरिदिए मधेसको आँप अन्तरराष्ट्रिय ब्राण्ड बन्न सक्ने जानकारहरू बताउँछन् । उत्पादन र वितरण दुवै पक्षमा सुधार गर्दै लगियो भने मधेसको आँपखेतीले व्यावसायिक कृषिको क्षेत्रमा आमूल परिवर्तन ल्याउन सक्ने सम्भावना निकै बलियो छ । *रासस*

पृष्ठ ४ बाट क्रमशः

### केटु हिमालमा सयौं थुंगा...

मिङ्माजीले सन् २०२१ को हिउँदयाममा केटु हिमालको सफल आरोहण गरेका थिए । पाकिस्तानमा पर्ने विश्वको दोस्रो अग्लो शिखर केटु चढ्न जाँदा साथमा दावातेञ्जिङ शेर्पा र किलितेम्बा शेर्पा पनि थिए । आरोहणकै क्रममा कीर्तिमानी आरोही निर्मल पुर्जा र छाङदावा शेर्पा पनि भेटिए । बेग्लाबेग्लै समूहमा गएका उनीहरू हिमाल चढ्ने क्रममा भेटिएपछि शिखरभन्दा करिब १० मिटर तलदेखि एकै साथ नेपालको राष्ट्रिय गान गाउँदै उक्लिएका थिए । सन् २०२१ को जनवरी १६ तारिखका दिन केटुको शिखरमा आरोहीहरूले 'सयौं थुंगा फूलका हामी...' राष्ट्रिय गान गुञ्जाउँदै आरोहण गरेको त्यो क्षण अत्यन्त ऐतिहासिक थियो । हिउँदयाममा केटु हिमालको शिखरमा पहिलो आरोहीका रूपमा नेपालीहरू पुगेपछि विश्वकीर्तिमान मानिएको थियो । त्यो आरोहणलाई बिबिसीलगायत विभिन्न अन्तर र्राष्ट्रिय सञ्चारमाध्यमहरूले प्राथमिकताका साथ प्रसारण गरेका थिए ।

### मनास्लुमा नयाँ रूट

सन् २०२१ मा आरोही मिङ्माजीले नेतृत्व गरेको आरोहण टोलीले मनास्लु हिमालमा नयाँ रुट पत्ता लगाएको समाचार विश्वव्यापी भएको थियो । रोल्वालिङ डाइभर्सन नामकरण गरिएको उक्त नयाँ रुटलाई विश्वभरका आरोहीहरूले स्वागत गरेका थिए । मिङ्माजीले अन्तर्राष्ट्रिय आरोही समुदायमा नेपाली आरोहीहरू पनि प्राविधिकरूपमा दक्ष भएको प्रमाणित गर्न आफूले चाहेको बताएका छन् । उनको सबैभन्दा पहिलो आरोहण मनास्लु हिमाल नै थियो ।

### पहिलो एकल आरोहण

आरोही मिङ्माजीले सन् २०१५ को अक्टोबर २८ तारिखका दिन पहिलोपटक एक्लैले छ हजार ६८६ मिटर अग्लो चोबुजी हिमाल आरोहण गरेका थिए । त्यो हिमाल आरोहणका लागि निक्कै जोखिमसमेत व्यहोर्नुपरेको थियो । खराब मौसमका कारण तेस्रो दिनमा मात्र सफलता मिलेको थियो । सन् २०१७ को अक्टोबर २ तारिखका दिन नांगा पर्वत चढ्दै मिङ्माजीले पहिलोपटक शरद ऋतुमा आरोहण गरेको श्रेय प्राप्त गरे । कयौं मुलुकका आरोहीहरूलाई कीर्तिमान बनाउन सहयात्रीका रूपमा पनि मिङ्मा जीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् । सामान्यरूपमा अरूको कम्पनीमा काम गर्न सुरु गरेका मिङ्माजीले हाल आफ्नै कम्पनी स्थापना गरी कयौंलाई रोजगार दिन सक्षम भएको छ ।

### उद्धारको अभाव

कीर्तिमानी आरोही मिङ्माजीले हिमाल आरोहणमा जाँदा धेरै पटक जोखिम व्यहोरेका छन् । उनले कति आरोहीहरू दुर्घटनामा परेको देखेका छन् । कतिपयको दुःखद निधनसमेत भएको देखेका छन् । सन् २००३ मा सगरमाथामा एकजना जापानी आरोही बितेको क्षणको उनी अझै स्मरण गर्छन् । एकपटक अन्नपूर्ण हिमाल आरोहणका बेला समयमै उद्धार नगरिएको भए ज्यानै जान सक्ने अवस्था भोगेको उनी बताउँछन् । सन् २०११ मा हिमालसम्बन्धी आधारभूत तालिम लिएपछि मात्र हालसम्म भाग्यले बाँचेको मिङ्माजीलाई अनुभव भएको थियो ।

हिमालमा जोखिमबाट निस्कन नसके मर्नुबाहेक विकल्प नभएकाले हिमाली क्षेत्रमा हेलिकप्टरसहितको उद्धार टोली सधैं तयारी अवस्थामा राख्नुपर्ने मिङ्माजीको सरकारसँग सुझाव छ । युरोप, अमेरिकातिरका हिमालमा जोखिममा पर्दा बटन थिचेको भरमा उद्धारका लागि हेलिकप्टर आइपुग्ने गरेको तर नेपालमा पैसा तिरेपछि मात्र हेलिकप्टरबाट उद्धार हुनसक्ने अवस्थालाई पनि सम्बन्धित अधिकारीले गम्भीररूपमा लिनुपर्ने देखिएको छ । विगतमा नेपालको हिमाली क्षेत्रमा झूठो उद्धारको मामिला पनि चर्चित भएको थियो ।

नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक संघका अध्यक्ष तुलसिंह गुरुङले हिमालमा जोखिमको परिमाण बढी भएकाले तत्काल उद्धारको व्यवस्था जरुरी भएको बताउँछन् ।

### पलायनको समस्या

विश्वमा हिमाल आरोहणको क्षेत्रमा नेपालको आफ्नै विशिष्ट पहिचान भएता पनि नेपाली आरोहीहरूलाई हालसम्म स्वदेशभित्रै उचित सम्मान दिन सकिएको छैन । जतिसुकै ठूला कीर्तिमान राखेका आरोहीलाई पनि विदेश जानुपर्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लाइन नव्यहोरी सुखै छैन । सरकारी अस्पतालमासमेत सामान्य छुट दिन सरकारले सकेको छैन । हिमाल चढ्नका लागि आरोहण टोलीले तिर्ने गरेको हजारौं डलर आरोहीहरूको हितमा खर्च गरिएको छैन ।

नेपाली कांग्रेसका सांसद जिपछिरिङ लामा सरकारले उठाउने रोयल्टीको ५० प्रतिशत रकम आरोहीहरूका लागि खर्च गरिनुपर्ने धारणा व्यक्त गर्छन् । नेपालमा पर्यटन नीति लचिलो नभएकाले पनि पर्वतारोहण क्षेत्रका गतिविधि विस्तार हुन सकेका छैनन् । पर्वतारोहणलगायतका साहसिक पर्यटनसँग सम्बन्धित पेसामा संलग्न रहेकाहरूको विदेश पलायनको अवस्था बढ्दो छ । यसबाट बेदिङ गाउँसमेत अछूतो छैन । मुलुककै कयौं कीर्तिमानी आरोहीसमेत उज्ज्वल भविष्यको खोजीमा विभिन्न मुलुकमा गइरहेको अवस्थामा सरकारले उनीहरूलाई स्वदेशमै बस्नसक्ने वातावरण बनाउन यथोचित कदम चाल्नु जरुरी देखिएको छ । हिमालमा गतिविधिहरू निरन्तर बढाउन सरकारले प्राथमिकता दिनुपर्दछ । आरोहणमा लागेकाहरूलाई जीविकोपार्जनको वैकल्पिक व्यवस्था पनि आवश्यक छ । कीर्तिमानीहरूलाई समाजका अन्य सम्मानित नागरिकसरह जीवन निर्वाह भत्ताको बन्दोबस्त हुन सके उनीहरूको उचित कदर हुने थियो । हिमाल आरोहण टोलीमा आरोहीहरूलाई 'लियाजो अफिसर'का रूपमा पठाउने हालको सीमित व्यवस्थालाई पुनः विचार गरी धेरै जना लाभान्वित हुनसक्ने योजना ल्याइनु जरुरी देखिएको छ । जसले विदेश पलायनको हालको अवस्था केही हदसम्म कम गर्ने देखिएको छ । हालकै अवस्था आगामी दिन पनि जारी रहने हो भने भोलिका दिनमा नेपालका हिमालमा आरोहणका लागि आउने पर्वतारोहीहरूलाई लागि गाइड तथा अन्य सहयोगी विदेशबाटै आउन सक्ने अवस्थालाई नकार्न सकिँदैन । *रासस*

## 'सवारी दुर्घटनाबाट क्षति न्यूनीकरणमा सरकार संवेदनशील'

**मोरङ (प्रस)–** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सरकार सवारी दुर्घटनाबाट हुने सम्भावित क्षति न्यूनीकरणमा संवेदनशील रहेको बताएका छन् ।

प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय र नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन प्रहरी कार्यालय इटहरी सुनसरीद्वारा संयुक्तरूपमा शुक्रबार विराटनगरमा आयोजित ट्राफिक सप्ताह-२०८२ को शुभारम्भ गर्दै उनले सरकार आवश्यक नीति निर्माण गरी ट्राफिक प्रहरीलाई साधन सम्पन्न बनाउँदै दुर्घटना न्यूनीकरणका लागि काम गरिरहेको बताए । मुख्यमन्त्री कार्कीले प्रदेश ट्राफिक कार्यालयले आगामी साउन १ गतेदेखि सवारी दुर्घटना न्यूनीकरण गरेका कामलाई सार्वजनिक गर्न निर्देशन दिए । उनले सार्वजनिक सवारीका धनीले सवारी चालकले सवारी सञ्चालनका क्रममा देखाउने व्यवहार, हाउभाउ सम्बन्धमा सचेत भई निगरानी गरेमा दुर्घटना कम गर्न सहयोग पुग्ने बताए ।

प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले प्रदेशमा सवारी दुर्घटना, लागुपदार्थ दुर्व्यसन र आत्महत्या मुख्य चुनौतीका रूपमा रहेकाले यसलाई न्यूनीकरण गर्न सचेतना कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने जानकारी दिए । मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, प्रदेश प्रहरी कार्यालय निमित्त प्रमुख गोविन्द अधिकारी, प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सन्तोष श्रेष्ठले सवारी दुर्घटनाले जनधनको क्षति वृद्धि भइरहेकाले यसको न्यूनीकरण गर्न सरोकारवालाहरूलाई आग्रह गरे ।

सप्ताहव्यापी कार्यक्रमअन्तर्गत प्रदेशका १४ जिल्लामा दुर्घटना न्यूनीकरणको सचेतनालगायत विभिन्न कार्यक्रमको आयोजना गरिने भएको छ ।


**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम सूचना प्रकाशन मिति २०८२।०३।०७**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल जातको बिभिन्न लटको गोलिया ३२१.०० क्यू.फि. र चिरान ८८.४८ क्यू.फि. काठ, साल दाउरा १.५० चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री मातृभूमी सा.व.उ.स., तिनाउ–३, पाल्पा ।**

**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम सूचना प्रकाशन मिति २०८२।०३।०७**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ र आ.व. ०८१/८२ मा संकलन भएको बिभिन्न लटको साल जातको गोलिया २११७.५१ क्यू.फि. काठ र साल दाउरा २.५० चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री पाखापानी सा.व.उ.स., रैनादेवी छहरा–७, पाल्पा ।**

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बधी सूचना**

प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०३/०७

यस जलेश्वर सामुदायिक वन उपभोक्ता समूह हेटौडा १९ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल गोलिया थान ७२ को ६०१.८१ क्यू.फि. काठ, दाउरा २ चट्टा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औं दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री जलेश्वर सामुदायिक वन उपभोक्ता समूह**
**हेटौडा १९ मकवानपुर**

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग काठमाडौंको**
**सूचना**

**प्रकाशित मितिः २०८२/०३/०७**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Omega International Pvt. Ltd. (ई.प.नं. १३५२/०७४/०७५)** ले यस विभाग समक्ष रूपन्देही जिल्ला तिलोत्तम नगरपालिका वडा नं. ०१ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/०३/०५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बधी सूचना**

प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०३/०७

यस पशुपति सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजना सव कम्पार्टमेण्ट C1S3 को स्विकृत पाँचौ वर्षको पुनरुत्पादन कटान Site Plan बमोजिम बुढो रागी, मरेको, मर्नलागेको, बांगोटिंगा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याई बाँकी रहेको साल समेत गोलिया थान ३६४ को ३०४१.४४ क्यू.फि. काठ र दाउरा १५.७५ चट्टा बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री पशुपति सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ०७ मकवानपुर**

प्रभाव दैनिक

रूपशाला

शनिबार, ०७ असार, २०८२ (Saturday, June 21, 2025)

## शिवको 'अजम्बरी माया' सार्वजनिक

गायक शिव परियारको स्वरमा मर्मस्पर्शी गीत 'अजम्बरी माया' सार्वजनिक भएको छ । डा. राजुबाबु श्रेष्ठको शब्द, अनिश श्रेष्ठको सङ्गीत, आमोस तामाङको सङ्गीत संयोजन रहेको गीतको आकर्षक भिडियो पनि बनेको छ । भिडियोमा मोफसलमा रहेर कलाकारितालाई निरन्तरता दिइरहेका अभिनेता माधव केसीको अभिनय छ । केसीलाई भिडियो अभिनयमा मेनुका माझी र गणेश गहतराजले साथ दिएका छन् ।



# अन्धविश्वासविरूद्धको आवाज हो 'मोहर' : निर्देशक ओम प्रतीक

■ प्रभाव संवाददाता



**काठमाडौं–** आगामी साउन २३ मा प्रदर्शन हुने चलचित्र 'मोहर' ले देवीदेवताको सेवाका नाममा कन्या बालिकालाई 'देउकी' बनाउने जस्ता अन्धविश्वासविरुद्ध जनचेतना जगाउने लेखक तथा निर्देशक ओम प्रतीकले जानकारी दिएका छन् ।

कमलपोखरीस्थित एक चलचित्र भवनमा चलचित्रमा समावेश शीर्ष गीतको श्रव्यदृश्य सार्वजनिक गर्न आयोजित कार्यक्रममा निर्देशक प्रतीकले बालिकामाथि हुने परम्परागत सामाजिक हिंसाका घटनालाई चलचित्रले निरुत्साहित गर्ने संदेश प्रवाह गर्ने बताए ।

उनले भने, 'मेरो जानकारीमा भएसम्म विसं २०७९ सम्म देउकी प्रथा चलेको छ । त्यसकारण पनि आजकै शैलीमा उक्त कथालाई भनेका छौं । अहिले विभिन्न बहानामा बालिका माथि हुने गरेको हिंसालाई बन्देज गर्नुपर्छ भन्ने संदेश चलचित्रले प्रवाह गर्छ । यो मनोरञ्जनसँगै सामाजिक विकृतिलाई उठान गरिएको चलचित्र हो ।'

उनले चलचित्रका माध्यमले धेरै तथ्यलाई बुझाउन सहज भएकाले 'मोहर' को विषयवस्तु छनोट गरेको जानकारी दिए । चलचित्रमा पल शाह, सारा शर्मा, बेनिशा हमाल, निती शाह, अर्जुनजंग शाही, मिस पबि लगायतका कलाकारले अभिनय गरेका छन् । सामाजिक यथार्थ र विद्रोह मिसिएको कथावस्तुमा बनेको 'मोहर' ले दर्शकलाई भावुक बनाउने अभिनेत्री शाहले बताइन् ।

'यसले मनोरञ्जनसँगै हाम्रो एउटा दुःखद परम्परालाई समेटेको छ । यो चलचित्र हेरेपछि महिला वा बालिकालाई हुने हिँसा थोरै भएपनि घट्छ भन्ने विश्वास छ', उनले भनिन् ।

चलचित्रमा भुपेन्द्र अधिकारीले सम्पादन, दिपेन बस्न्यातले छायांकन, रामजी लामिछाने र कविराज गहतराजले नृत्य निर्देशन, कुमार महर्जनले द्वन्द्व निर्देशन गरेका छन् ।

# रेखा पनि 'दोस्रो अध्याय' मार्फत युट्युबमा

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेत्री रेखा थापाले 'दोस्रो अध्याय' नामक कार्यक्रम सुरु गरेकी छन् । उनले आफ्नै अफिसियल युट्युब च्यानलमार्फत उक्त कार्यक्रम सुरु गरेकी हुन् । कार्यक्रम कुराकानीमा आधारित रहेको थापाले बताइन् ।

उनका अनुसार स्वास्थ्य तथा शिक्षाका विषयमा आधारित रहेर निर्माण भएको कार्यक्रमको पहिलो भाग बिहीबार प्रसारण भएको छ । यो भागमा उनले 'गर्भवती महिलालाई के ज्ञान वा के शिक्षा चाहिन्छ ?' भन्ने विषयमा डा.ज्योत्सना शर्मा तिवारीसँग कुराकानी गरेकी छन् ।

'दोस्रो अध्याय' केवल एक कार्यक्रम मात्र नभएर आफ्नो यात्रा समेत भएको रेखाले बताइन् । 'सबै आमाहरूको, जसको जीवन आमा भएपछि नयाँ बाटोमा हिँड्छ । यो शृफ्लामा, म डाक्टरहरूसँग, आमाहरूसँग र जीवनका विभिन्न पाटोहरूसँग जोडिएका पात्रहरूसँग कुराकानी गर्छु', उनले भनिन्, 'गर्भधारणदेखि प्रसूति र आमाको आत्मबलसम्म सबै कुरा खुल्दुली पाराले खोतल्छु ।' कार्यक्रम दर्शकको ध्यानलाई मध्यनजर गरेर निर्माण गर्ने उनले सुनाइन् ।

# 'माग्ने राजा'को पहिलो पोस्टर सार्वजनिक, भदौ ६ मा प्रदर्शन

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऋषि लामिछाने निर्देशित चलचित्र 'माग्ने राजा' भदौ ६ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण पक्षले शुक्रबार चलचित्रको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो । यस चलचित्रबाट ऋषि लामिछाने ८ वर्षपछि निर्देशनमा कमव्याक गर्दै छन् । निर्देशक लामिछानेले 'माग्ने राजा'ले अहिले अवस्थामा आफैलाई राजाको रूपमा प्रस्तुत गर्ने युवापुस्ताको कथा देखाउन खोजिएको बताए ।

आरम्भ प्रोडक्सनको ब्यानरमा निर्माण भएको चलचित्रमा केदार घिमिरे (माग्ने बुढा), वर्षा सिवाकोटी, पुष्कर गुरुङ, शिशिर वाङ्देल, शारदा गिरी र टिकटकर मोडल पवित्रा साकी उर्फ मिस पबीको अभिनय छ । यो फिल्ममा अभिनेता आर्यन सिग्देलको पनि विशेष भूमिका रहेको छ ।

आरआर फिल्मस्ले वितरण गर्ने फिल्ममा नरेन्द्र मैनालीको छायाङ्कन, सामीप्य राज तिमल्सेनाको कथा, पटकथा तथा संवाद र दीपक शर्मा र बाबुल गिरीको सङ्गीत छ ।




# दिपेनले ल्याए 'ठिकै छ मेरी प्रिय'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ड्रागन मोसन पिक्चरको प्रस्तुति रहेको नयाँ गीतको भिडियो 'ठिकै छ मेरी प्रिय'सार्वजनिक भएको छ । शुक्रबार एक कार्यक्रमकाबीच गीतको भिडियो रिलिज गरिएको हो ।

अनुजा बरालको निर्देशनमा तयार भएको यो भिडियोले प्रेम, पीडा र द्वन्द्वको कथा प्रस्तुत गरेको छ । गीतको भिडियोमा गुरु वसिष्ठ, प्रेम परियार र श्रितिका श्रेष्ठको अभिनय रहेको छ भने गीतलाई गुरु वसिष्ठले नै गाएका छन् ।

गीतको शब्द शेखर थापाको र संगीत दिवेश राईको रहेको छ । निर्माण पक्षले भिडियोले दर्शक-श्रोताको मन जित्ने विश्वास व्यक्त गरेको छ ।

भिडियोमा सत्यम रानाको दृश्य प्रविधि (भीएफएक्स) सम्हालेका छन् भने राजेन्द्र मोक्तानले रंग संयोजन र सारथी थापाले छायांकन गरेका छन् । गीतको भिडियोलाई सर्वेश शाहले सम्पादन गरेका छन् । भिडियोलाई ड्रागन मोसन पिक्चरको आधिकारिक युट्युब च्यानलमार्फत हेर्न सकिने छ ।



## गण्डकी प्रदेशस्तरीय क्रिकेट

# नवलपुरलाई हराउँदै स्याङ्जालाई उपाधि




■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा सञ्चालन भएको गण्डकी प्रदेश तेस्रो संस्करणको पुरुष टि-२० क्रिकेट प्रतियोगिताको उपाधि स्याङ्जाले जितेको छ । पोखरा रंगशालाको क्रिकेट मैदानमा शुक्रबार सम्पन्न फाइनलमा नवलपुरलाई चार विकेटले पराजित गर्दै स्याङ्जा च्याम्पियन बन्यो ।

च्याम्पियन भएसँगै स्याङ्जाले नगद रु एक लाख र उपविजेता बनेको नवलपुरले नगद रु ५० हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र पुरस्कार पाए । खेलमा स्याङ्जाले टस जितेर फिल्डिङ रोजेपछि, नवलपुरले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा १२९ रन बनायो । खेलमा जितका लागि १३० रनको लक्ष्य पछ्याएको स्याङ्जाले १९ ओभरको पाँचौं बलमा छ विकेटको क्षतिमा लक्ष्य पूरा गर्न सफल भयो ।

नवलपुरका लागि रिजन काफ्ले २५ रन, दीपक डुम्रेले १९ रन बनाएका थिए । स्याङ्जाका कप्तान सन्दीप खत्री क्षेत्रीले उत्कृष्ट बलिङ गर्दै चार ओभरमा १८ रन खर्चिएर तीन विकेट लिए । बलिङतर्फ सुजन गौतम, अश्वनी राना, प्रदीप पाण्डेले समान एक-एक विकेट लिए ।

स्याङ्जाका ईश्वर क्षेत्रीले छ चौकाको मद्दतमा आक्रामक ३० रन प्रहार गरे । त्यस्तै सुजन गौतमले २८ रन र सन्दीप खत्री क्षेत्रीले १४ रन बनाए । अनिश ताम्राकारले ११ र अश्वोनी राणा १३ रनको संयमित ब्याटिङ गर्दै टोलीलाई जित दिलाका हुन् ।

नवलपुरका लागि हिमाल न्यौपाने र कप्तान कमल परियारले समान दुई विकेट लिए । दीपक डुम्रे र सुदीप अर्यालले समान एक-एक विकेट लिए । प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजना तथा प्रदेश खेलकुद परिषद् गण्डकीको प्रवर्द्धनमा यही जेठ ३१ बाट सुरु भएको प्रतियोगितामा आठ जिल्लाको सहभागिता थियो ।

प्रतियोगितामा 'म्यान अफ दि सिरिज'सँगै 'वेष्ट व्याटर'को उपाधि स्याङ्जाका सन्दीप खत्री क्षेत्रीले हात पारे । उनले नगद रु चार हजार प्राप्त गरे । प्रतियोगितामा विजेता टोली तथा खेलाडीलाई प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङ, प्रतियोगिताका संयोजक ऋषिराम गौतम, संघका सचिव सुमनराज कार्की, जिल्ला खेलकुदका अध्यक्ष मिलन गुरुङलगायतले नगद, ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए ।

# 'प्रथम मिस्टर महानगर बडीबिल्डिङ च्याम्पियनसिप २०८२' सुरु

■ प्रभाव संवाददाता




**काठमाडौं–** काठमाडौं महानगरले शुक्रबारदेखि प्रथम मिस्टर महानगर बडीबिल्डिङ च्याम्पियनसिप २०८२ सुरु गरेको छ । कामपा वडा नं २२ ले आयोजना गरेको 'हेल्दी बडी, हेल्दी सोसाइटी' नारासहित आज र भोलि प्रतियोगिता सञ्चालन हुने वडाध्यक्ष चिनीकाजी महर्जनले जानकारी दिए । वडाध्यक्ष महर्जनले प्रतियोगिता नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघसँगको सहकार्य र काठमाडौं शारीरिक सुगठन तथा फिटनेस संघको प्राविधिक सहयोगमा गरिएको बताए ।

अरु खेलजस्तै शारीरिक सुगठन र व्यायामसँग सम्बन्धित खेलप्रति आकर्षण बढाउँदै खेलका माध्यमबाट आरोग्य जीवनका कार्यक्रम प्रवर्द्धन गर्न प्रतियोगिता गरिएको उनको भनाइ छ । पहिलो दिन खेलाडीको तौल मापन गरिएको वडा नं २२ का वडासदस्य अनिल हाडाले बताए । प्रतियोगितामा भाग लिन महानगर र अन्य जिल्लाका तर कामपामा अस्थायी बसोबास गर्दै आएका प्रतिस्पर्धीसहित ४२ जनाको सहभागिता छ ।च्याम्पियनसिपमा ५५, ६०, ६५, ७०, ७५ र ७५ किलोग्रामभन्दा माथि तौल समूहमा प्रतिस्पर्धा हुने जनाइएको छ । च्याम्पियनसिप पुरुषहरूका लागि आयोजना गरिएको हो । क्रमशः महिलालाई पनि सहभागी गराउँदै लैजाने योजना छ ।

वर्ल्ड बडी विल्डिङ फेडेरेसनका अन्तरराष्ट्रिय निर्णायक एवं च्याम्पियनसिपका संयोजक ईश्वर श्रेष्ठका अनुसार हरेका विधाका प्रथम, द्वितीय र तृतीयलाई क्रमशः स्वर्ण र नगद रु ७५ हजार, रजत पदक र रु ५० हजार र कास्य पदक रु २५ हजार प्रदान गरिनेछ । पहिलो दिन आज मापदण्डबमोजिमको तौल मापन भएको र शनिबार प्रिजजिङ र फाइनल हुने बताइएको छ । प्रत्येक तौल समूहका विजेता मिस्टर महानगरको दाबेदार हुनेछन् । यी दावेदारका बीचमा 'ओभरअल' प्रतिस्पर्धा हुनेछ । प्रतिस्पर्धाका विजेता मिस्टर महानगर घोषित हुनेछन् । मिस्टर महानगरले तौल समूहको विजेता भएर रु ७५ हजार र ओभरअल प्रतिस्पर्धाका विजेता भएर पदकसहित रु पाँच लाख प्राप्त गर्नेछन् ।

# मोटर स्पोर्ट्सको इभेन्टमा स्वीकृति अनिवार्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल अटोमोबाईल एसोसियसन (नासा नेपाल)ले मोटर स्पोर्ट्सको ईभेन्टमा स्वीकृति अनिवार्य गरेको छ ।

नासा नेपालले सुचना जारी गर्दै मोटर र मोटरसाइकल स्पोर्ट्स, रेसिङ, र्यालिङ्ग तथा टुरिङ्ग, कार्टस् तथा पावरबोट र सिम रेसिङ् जस्ता इभेन्ट र कार्यक्रममा संघको स्वीकृतिलाई अनिवार्य गरेको हो ।

नासा नेपालका कार्यकारी निर्देशक गोबिन्द भट्टराईले नेपालको ऐन, कानुनलेनै राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रमका लागि खेलकुदको कार्यकारी निकाय र संघको स्वीकृति अनिवार्य गरेकाले त्यसलाई लागु गर्न खोजिएको बताए ।

'खेलकुद सम्बन्धि कुनैपनि कार्यक्रम र प्रतियोगिता सरकारी निकाय मार्फत आबद्धता र स्वीकृति गराउनु सबैको हितमा हुने विषय मात्र नभई विद्यमान कानुनी र प्रचलित व्यवस्था पनि हो ।' भट्टराईले भने ।

संघसँग स्वीकृति नलिएर सञ्चालन गरिएका मोटर स्पोर्ट्सका कार्यक्रम तथा इभेन्टमा धेरै विवाद निम्तने गरेको देखिएकाले त्यसको स्वीकृतिलाई अनिवार्य गर्न लागिएको नासा नेपालले जनाएको छ ।

राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा ४५ को १ मा नीति क्षेत्र वा अन्य संघ संस्थाले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना वा सञ्चालन गर्नु अघि सम्बन्धित खेल संघ वा महासंघको सिफारिस सहित परिषद्को स्वीकृति लिनुपर्ने व्यवस्था छ । नासा नेपाल मोटर स्पोर्ट्सको क्षेत्रमा काम गर्ने गरी राष्ट्रिय खेलकुद परिषद्मा दर्ता रहेको राष्ट्रिय खेल संघको रूपमा रहेको छ । जसले नेपालमा मोटर स्पोर्ट्सको क्षेत्रमा काम गर्न अन्तराष्ट्रिय अटोमोबाइल फेडेरेसन (एफआईए)बाट समेत सदस्यता प्राप्त गरेको छ ।

संघका अध्यक्ष दशरथ रिसालले देशको नियम कानुन विपरित विभिन्न किसिमका कार तथा मोटरसाइकलका रेसिङ, र्यालिङ्ग तथा टुरिङ लगायतका प्रतियोगिता भैरहेको उल्लेख गर्दै त्यसले ड्राइभर, राइडर तथा प्राविधिकहरूको सुरक्षा, पेशागत हित र विकास, राष्ट्रिय-अन्तर्राष्ट्रिय सहभागीत, खेलकुद तथा पर्यटनको दिगोपनामा चुनौती थपेको बताए ।

'व्यवसायिक स्वार्थ र निजि फाइदाको लागि मात्र, खेलाडी र प्राविधिकको ट्रेनिङ्ग र गुणस्तर, सुरक्षा र खेलकुदको मूल्य र मान्यता जस्ता कुरामा खेलबाड गर्दै साहसीक खेलकुद-इभेन्ट जस्तो अतिनै संवेदनशिल खेलमा हुने कुनैपनि गैरजिम्मेवार कार्य संघलाई कदापि मान्य हुनेछैन ।' रिसालले भनेका छन् ।



इरानमा इजरायलको आक्रमणको बिरोधमा शुक्रबार दिउँसो प्रदर्शन गर्नुअघि बगदादको सदर सहरमा प्रार्थना गर्दै इराकी शिया मुस्लिम धर्मगुरु मुक्तदा अल-सद्रका समर्थकहरू । *तस्बिरः एएफपी*

# राजनीतिक संकट कम गर्ने प्रयासमा थाई प्रधानमन्त्रीको सेनाका कमाण्डरसँग भेट

**बैंकक–** थाई प्रधानमन्त्री पेटोङटार्न सिनावात्राले शुक्रबार एक सेना कमाण्डरसँग मेलमिलापको वार्ता गरेकी छन् । उनले आफ्नो सरकारलाई अपदस्थ गर्ने धम्की दिने संकटलाई कम गर्न संघर्ष गर्दा लिक भएको फोन कलमा ती कमाण्डरको आलोचना गरेका थिए ।

विवादास्पद अर्बपति पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राकी छोरी एवं एक वर्षभन्दा कम समयदेखि पदमा रहेकी पेटोङटार्नले पूर्वकम्बोडियाली नेता हुन सेनसँगको कलका कारण राजीनामा दिन वा चुनावको घोषणा गर्न दबाब सामना गरिरहेकी छन् । उनको मुख्य गठबन्धन साझेदार, रूढिवादी भुमजाइथाई पार्टी बुधबार सरकारबाट बाहिरिएको छ । उक्त पार्टीले पेटोङटार्नले देश र सेनाको अपमान गरेको र उनको सरकारलाई पतनको विन्दुमा छाडेको बताएको छ ।

उनले प्रधानमन्त्री पदबाट नहटेसम्म गठबन्धनको अर्को साझेदारले पद छोड्ने धम्की दिएको खबर सार्वजनिक भएपछि शुक्रबार उनलाई अर्को झट्का लागेको छ । यो संकटले थाई सेयर बजारलाई पाँच वर्षको तल्लो तहमा झारेको छ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीसहितको व्यापार भन्सार शुल्कका साथ राज्यले आफ्नो सुस्त अर्थतन्त्रलाई उक्साउन संघर्ष गरिरहेको छ ।

हुन सेनसँगको कुराकानीमा लेफ्टिनेन्ट जनरल बुन्सिन प्याडक्लाङलाई 'प्रतिद्वन्द्वी'का रूपमा अपमान गरेको फोन कल लिक भएपछि सम्बन्ध सुधार्न ३८ वर्षीया पेटोङटार्नले शुक्रबार उत्तरपूर्वी थाइल्याण्डमा सेनाको भ्रमण गरी लेफ्टिनेन्ट जनरल बुन्सिन प्याडक्लाङसँग भेट गरेकी छन् । लामो समयदेखिको विवाद गत महिना घातक झडपमा बदलिएको कम्बोडियासँगको सिमानामा बुन्सिनले थाई सेनाको कमाण्ड गर्छन् र पेटोङटार्नका बारेमा आलोचनाले दक्षिणपन्थी राष्ट्रवादी आलोचकहरूबाट अविश्वासको आरोप ल्याएको छ । उनीहरूको भेटपछि पेटोङटार्नले मामिला समाधान भएको बताइन् । 'यो धेरै राम्रो भयो । मैले कमाण्डरसँग कुरा गरेको छु र अब कुनै समस्या छैन,' उनले पत्रकारहरूलाई भनिन् । आफ्नो पक्षबाट बुन्सिनले भने, 'सबै कुरा सामान्य छ ।'



### अल्टिमेटम

बुन्सिनसँगको भेटपछि पेटोङटार्नले बिहीबार सैन्य र प्रहरी प्रमुखहरूद्वारा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक माफी मागेपछि उनीमाथि दबाब बढेको थियो । एक चलाक अपरेटरका रूपमा चिनिने अनुभवी राजनीतिज्ञ हुन सेनसँगको कुराकानीमा पेटोङटार्नलाई कमजोर र अपमानजनक भएको भन्दै आलोचना गरिएको थियो, तर सेनाका कमाण्डरका बारेमा उनको टिप्पणी सम्भवतः उनका लागि सबैभन्दा हानिकारक थियो ।

थाइल्यान्डको सशस्त्र बलले लामो समयदेखि राज्यको राजनीतिमा शक्तिशाली भूमिका खेलेको छ र राजनीतिज्ञहरू प्रायः उनीहरूको विरोध नगर्न सावधान रहन्छन् । सेनाका कमाण्डरसँग क्षमायाचना र स्पष्ट मेलमिलाप पेटोङटार्नको प्रधानमन्त्री पद बचाउन पर्याप्त नहुन सक्छ । भुमजाइथाईको प्रस्थानले सरकारको गठबन्धनलाई संसद्मा अत्यन्त झिनो बहुमत छोडेको छ र अर्को साझेदार गुमाउँदा यो सम्भवतः पतन हुने छ ।

कञ्जरभेटिभ डेमोक्रेट पार्टीले गठबन्धनमा रहने वाचा गरेपछि शुक्रबार बिहान पेटोङटार्नका लागि राम्रो खबरको झलक देखिएको छ । यद्यपि सार्वजनिक प्रसारणकर्ता थाईपिबिएसले ३६ सिट भएको र अहिले फेउ थाईपछि गठबन्धनमा सबैभन्दा ठूलो पार्टी रहेको युनाइटेड थाई नेसन (युटिएन) पार्टीले पद छोड्ने विचार गरिरहेको बताएको छ । प्रसारणकर्ताका अनुसार युटिएनले पेटोङटार्नलाई अल्टिमेटम जारी गर्न गइरहेको छः या त उनले प्रधानमन्त्रीको पद छाड्छिन् वा उनीहरूले फिर्ता लिन्छन्, सरकारलाई ढाल्छन् ।

युटिएनभित्र विभाजनका सुझावहरू पनि छन्, तर सरकारको बहुमत अहिले यति सानो छ कि पार्टीका आधा सांसदहरू मात्र गए पनि यो घातक हुनसक्छ ।

### सडक प्रदर्शनको खतरा

पेटोङटार्नले सडक प्रदर्शनको सम्भावनाको सामना पनि गर्न सक्ने छिन् किनकि उनको परिवारसँग सम्बन्धित पूर्वनेताहरूलाई डुबाउन मद्दत गर्ने विशाल प्रदर्शनहरूमा संलग्न राजनीतिक कार्यकर्ताहरूले उनलाई जान आह्वान गरेका छन् । कार्यकर्ताहरूले शनिबार मध्य बैंककमा र अर्को जुन २८ मा र्‍यालीको आह्वान गरेका छन्, यद्यपि पेटोङटार्न यति लामो समयसम्म टिक्छिन् कि हुन्न भनेर हेर्न बाँकी छ । उनले गत वर्ष अगस्टमा फेउ थाई र रूढीवादी, सैन्य समर्थक दलहरूको समूहबीचको असहज गठबन्धनको नेतृत्वमा पदभार ग्रहण गरेकी थिइन् । सैन्य समर्थक दलहरूका सदस्यहरूले विगत २० वर्षको धेरै समय उनका बुबासँग लडिरहेका छन् ।

दुई पटक निर्वाचित प्रधानमन्त्री थाक्सिनलाई सन् २००६ मा सैन्य कूबाट बाहिर हटाइएको थियो र रूढीवादी, शाही प्रतिष्ठान र उनले स्थापना गरेको राजनीतिक आन्दोलनबीचको कटु द्वन्द्वले त्यस समयमा थाई राजनीतिमा प्रभुत्व जमाएको छ । सन् २०२३ मा राजीनामा दिएका कम्बोडियाका लामो समयका शासक तथा थाक्सिनसँग घनिष्ठ सम्बन्ध राखेका हुन सेनले शुक्रबार चुहिएको कलको विवादले 'हाम्रा दुई परिवारबीचको ३० वर्षभन्दा बढीको हार्दिक बन्धन' लाई 'चकनाचुर' पारेको बताए । *रासस/एएफपी*

# अमेरिकी अपिल अदालतले दियो ट्रम्पलाई एलएमा नेसनल गार्ड नियन्त्रण गर्न अनुमति

सान फ्रान्सिस्को (अमेरिका)- क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमको आपत्तिका बावजुद अमेरिकी अपिल अदालतले बिहीबार राष्ट्रपति डोनाल्ड ट्रम्पले लस एन्जलस (एलए) मा नेसनल गार्ड सेनाको नियन्त्रण जारी राख्न सक्ने फैसला गरेको छ ।

तीन न्यायाधीशको प्यानलले ३८ पृष्ठको सर्वसम्मत फैसलामा ट्रम्पको 'क्यालिफोर्नियाका गभर्नरमार्फत प्रत्यक्षरूपमा संघीयकरण आदेश जारी गर्न असफल भएको कुराले नेसनल गार्डलाई बोलाउने उनको अन्यथा वैधानिक अधिकारलाई सीमित गर्दैन' भनेको छ ।

न्यायाधीशहरूले लेखेका छन्, 'संघीय कार्यहरू गर्ने संघीय कर्मचारीहरूको सुरक्षा गर्न र संघीय सम्पत्तिको रक्षा गर्न ट्रम्पले नेसनल गार्डका चार हजार सदस्यलाई ६० दिनका लागि सेवामा राख्न आदेश दिएपछि ट्रम्प आफ्नो अधिकारभित्र हुनुहुन्थ्यो ।' बिहीबार राति ट्रुथ सोसलमा एक पोस्टमा ट्रम्पले यो निर्णयलाई 'ठूलो जित' भन्दै खुसी बताए ।

'संयुक्त राज्य अमेरिकाभरि यदि हाम्रा सहरहरू र हाम्रा मानिसहरूलाई सुरक्षा चाहिन्छ भने राज्य र स्थानीय प्रहरी जुनसुकै कारणले काम पूरा गर्न असमर्थ भएमा हामी नै तिनीहरूलाई त्यो दिने व्यक्ति हौं,' ट्रम्पले लेखेका छन् । गत हप्ता तल्लो अदालतका न्यायाधीशले प्रदर्शनले प्रभावित लस एन्जलसमा तिनीहरूलाई तैनाथ गर्ने राष्ट्रपतिको निर्णय 'अवैध' थियो भन्दै ट्रम्पलाई क्यालिफोर्निया नेसनल गार्डको नियन्त्रण न्युसमलाई फिर्ता गर्न आदेश दिएका थिए ।



न्युसमले पहिलेको निर्णयको स्वागत गर्दै ट्रम्प 'राजा होइन, उहाँ सम्राट होइन र उनले त्यसरी व्यवहार गर्न बन्द गर्नुपर्छ' भनेका थिए । अशान्तिको परिमाणलाई बारम्बार बढाइचढाइ गर्दै आएका ट्रम्पले स्थानीय अधिकारीहरूको आपत्ति हुँदाहुँदै पनि उनीहरूले 'जलिरहेको' सहरको नियन्त्रण गुमाएको दावी गर्दै ७०० अमेरिकी मरिनलाई लस एन्जलस पठाएका थिए । सन् १९६५ पछि पहिलोपटक अमेरिकी राष्ट्रपतिले राज्यका गभर्नरको इच्छाविपरीत नेसनल गार्ड तैनाथ गरेका थिए ।

न्युयोर्क टाइम्सका अनुसार ट्रम्पले अमेरिकी अपिल अदालत नवौं सर्किटको प्यानलमा दुई न्यायाधीश नियुक्त गरेका थिए र पूर्वराष्ट्रपति जो बाइडेनले तेस्रो न्यायाधीश नियुक्त गरेका थिए । *रासस/एएफपी*

# इजरायली सेनाद्वारा तेहरानको हतियार अनुसन्धान केन्द्रमा आक्रमण

**जेरुसेलम–** दुई शत्रुबीचको युद्धको आठौं दिनमा इजरायली सेनाले रातभर तेहरानमा दर्जनौं लक्ष्यमा आक्रमण गरेको शुक्रबार बताएको छ । आक्रमणमा 'इरानको आणविक हतियार परियोजनाको अनुसन्धान र विकास' केन्द्र भनिने ठाउँ समावेश छ । सेनाले एक विज्ञप्तिमा भनेको छ, 'सेनाले तेहरानको मुटुमा शृंखलाबद्ध आक्रमणहरू सम्पन्न गरेको छः सैन्य क्षेप्यास्त्र उत्पादन स्थलहरू र इरानको आणविक हतियार परियोजनाको अनुसन्धान र विकासका लागि एसपिएनडी (अर्गनाइजेसन अफ डिफेन्सिभ इनोभेसन एण्ड रिसर्च) मुख्यालयसहित दर्जनौं लक्ष्यमा प्रहार गरिएको थियो ।'

इजरायली सेनाका अनुसार एसपिएनडी मुख्यालय इरानी शासनको सैन्य क्षमतालाई समर्थन गर्ने उन्नत प्रविधि र हतियारहरूको अनुसन्धान र विकासका लागि प्रयोग गरिन्छ । बिहीबार राति ६० वटाभन्दा बढी लडाकु विमानले दर्जनौं सैन्य लक्ष्यमा प्रहार गरेको सेनाले जनाएको छ । *रासस/एएफपी*


## डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोक, धुलिखेलको काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मिति २०८२।०३।०७**

उपरोक्त विषयमा यस कार्यालय अन्तर्गत घाटगद्धीमा रहेका गोलिया काठ १. उत्तिस लगायत (६९३ थान, १५१७.११ क्यु.फि. र दाउरा १ चट्टा, घाटगद्धीः भुमि व्यवस्थापन प्रशिक्षण केन्द्र बखुण्डोल धुलिखेल/२१ दिने सूचना), २. बासुकी सा.व.उ.स. बनेपा १३ को खोटेसल्ला (१४४५ थान, ४१७८.३३ क्यु.फि., घाटगद्धीः बासुकी सा.व. बनेपा- १३, तेश्रो पटक/१५ दिने सूचना) र ३. लाँकुरी रूख भुलभुले सा.व.उ.स. को पाटेसल्ला/खोटेसल्ला लगायत (११९० थान, ५१७४.८१ क्यु.फि., घाटगद्धीः लाँकुरी रूख भुलभुले सा.व. भुम्लु ४) तेश्रो पटक/१५ दिने सूचना जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी वोलपत्रद्वारा बिक्री गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक वन पैदावारमा आधारित उद्योग संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले तोकिएको समयाअवधि भित्र यस कार्यालय/सम्बन्धित वन समूहको कार्यालयमा सिलवन्दी बोलपत्र फाराम दाखिला गर्न यसै सुचनाबाट आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयको सम्पर्क नं ०११-४९०१७५, ९८५१२५४६७२/ सम्बन्धित वन समूहको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।


# इरानमा शासन परिवर्तनको चर्चा अस्वीकार्य : *क्रेमलिन प्रवक्ता*

मस्को- क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रुसले इरानमा शासन परिवर्तनको कुनै पनि छलफललाई पूर्णरूपमा अस्वीकार्य ठानेको बताएका छन् । 'यो अकल्पनीय छ । निःसन्देह, यसको बारेमा खुलेर कुरा गर्नु पनि अस्वीकार्य हुनुपर्छ,' पेस्कोभले तेहरानमा सम्भावित शक्ति परिवर्तनका बारेमा पश्चिमी बयानबाजीको जवाफमा बेलायती समाचार आउटलेट स्काई न्युजलाई भने ।



इजरायल र इरानबीचको प्रत्यक्ष द्वन्द्वमा कुनै पनि अमेरिकी संलग्नताले स्थितिलाई उल्लेखनीय रूपमा बढाउने र यस क्षेत्रलाई अस्थिर बनाउने उनले चेतावनी दिए । 'स्थिति पहिले नै अत्यन्त तनावपूर्ण छ र यस क्षेत्रका लागि मात्र नभई विश्वव्यापी स्थिरताका लागि खतरा उत्पन्न भएको छ । द्वन्द्वको भूगोल विस्तार र सहभागीहरूको संख्या बढाउनु अझ खतरनाक हुने छ,' उनले भने ।

पेस्कोभले इजरायल-इरान द्वन्द्वमा अमेरिकी हस्तक्षेपले 'पान्डोराको बाकस खोल्न सक्ने' चेतावनी समेत दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिङ्टनलाई इरानी सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको कहाँ छन् भन्ने थाहा भएको तर उनलाई हाल 'उन्मूलन' गर्ने योजना नभएको बताएका छन् ।

ट्रम्पले इरानलाई 'विनासर्त आत्मसमर्पण' गर्न पनि माग गरे । यद्यपि उनले इरानी लक्ष्यहरूमा इजरायली आक्रमणपछि वासिङ्टनको धैर्य 'कमजोर' भएता पनि सैन्य बल तैनाथ गर्नबाट बच्न रुचाउने बताए । पेस्कोभले इरानका सर्वोच्च नेतामाथि कुनै पनि सम्भावित हत्याको प्रयासप्रति रुसको प्रतिक्रिया तीव्ररूपमा नकारात्मक हुने बताए । 'हामी यस्तो कार्यको कडा निन्दा गर्नेछौं,' उनले भने । *रासस/सिन्ह्वा*


## युएइमा रोजगार

कम्पनी : KBTS TECHNICAL SERVICES LLC BRANCH OF ABU DHABI

पूर्व स्वीकृति मिति : २०८२/03/05 | LT. No. 320622 | चलानी नं. ६०२३४७७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 30 | 10 | 900 | ३३,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १४ गते (28th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६५/०८०/८१

ROSEBUD HUMAN RESOURCE PVT. LTD

Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366

E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## मलेसिया/युएइमा रोजगार

कम्पनी : GUARDIAN SECURITY CONSULTANTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/०१/१४ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/03/06 | LT. No. 303907 | चलानी नं. ६०२१९०३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 55 | 0 | 1500 | ४८,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ARABIAN CONSTRUCTION COMPANY CO LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/२७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/03/06 | LT. No. 303313 | चलानी नं. ६०२१८१०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 100 | 0 | 800 | ३०,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter | 50 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 3 | Mason | 50 | 0 | 1200 | ४५,३०५ | | | | | | | |
| 4 | Steel Fixer | 70 | 0 | 1200 | ४५,३०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १४ गते (28th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820

Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बधी सूचना

प्रथम पटक प्रकाशित सूचना मिति २०८२/०३/०७

यस सिमपानी देवकोट सामुदायिक वन उपभोक्ता समूह मनहरी, ८ मकवानपुरले आ.व. २०८१।८२ मा स्वीकृत वन कार्ययोजना वन क्षेत्रको सव कम्पार्टमेण्ट C1S7 को स्विकृत तेस्रो वर्षको अन्तिम कटान Site Plan बमोजिम बुढो रागी ,मरेको,मर्नलागेको,बाङ्गोटिडगा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिकी गरी बाँकी रहेको साल समेतको गोलिया थान ३२३ को १८६५.६८ क्यू.फि. काठ र दाउरा १२ चट्टा र सव कम्पार्टमेण्ट C1S3 को स्विकृत तेस्रो वर्षको पुनरुत्पादन कटान Site Plan बमोजिम बुढो रागी, मरेको, मर्नलागेको, बांगाटिंगा रुखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल समेतको गोलिया थान १६२ को १०२०.०९ क्यू.फि. काठ र दाउरा ८ चट्टा समेत गरी बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सिमपानीदेवकोट सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ८ मकवानपुर**

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १९४४७० | प्रति तोला – ० | प्रति तोला – २१५० |



पर्यटकीय बन्दीपुर | तनहुँको पर्यटकीय नगरी बन्दीपुर बजार । पछिल्लो समय बन्दीपुर आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बनेको छ ।
*तस्बिर : कृष्ण न्यौपाने/रासस*

# सुनचाँदीको कर हटाउन संसदीय उपसमितिमा पुगे व्यवसायी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुनचाँदी तथा बहुमूल्य पत्थरको कारोबारमा लगाइएको करका विषयमा निरन्तर छलफलमार्फत निष्कर्षमा पुग्न व्यवसायी र सम्बन्धित मन्त्रालय सहमत भएका छन् ।

राष्ट्रियसभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको उपसमितिले शुक्रबार डाकेको बैठकमा व्यवसायीहरूले आफ्ना मागबारे उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयसँग वार्ता जारी राख्दै समाधान निकाल्न सहमत भएका हुन् ।

नेपाल सुनचाँदी व्यवसायी महासंघ र नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघले सुनमा लगाएको दुई प्रतिशत विलासिता कर र हीरा तथा बहुमूल्य पत्थरमा लगाइएको १३ प्रतिशत भ्याटबारे पुनःविचार गरी खारेज गर्न माग राखेका छन् ।

उनीहरूले यही असार मसान्तसम्मको समयसीमा दिँदै शुक्रबारदेखि सबै व्यवसाय सञ्चालन गरेका छन् । यद्यपि नेपाल सुनचाँदी व्यवसायी तथा कालिगढ संघर्ष समितिले भने आन्दोलनको स्वरूप परिवर्तन गरेर आन्दोलन जारी राख्ने बताएको छ ।

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सुनका सबै किसिमका गरगहनामा दुई प्रतिशत विलासी कर र बहुमूल्य पत्थरमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) को व्यवस्थाप्रति व्यवसायीहरूले विरोध गर्दै आएका छन् ।

आर्थिक मामिला उपसमितिको बैठकमा अर्थ मन्त्रालयका राजस्व सचिव दिनेशकुमार घिमिरेले 'ग्रे लिस्ट' (खैरो सूची) बाट शीघ्र बाहिर निस्किनका लागि यस कर प्रणालीले सहयोग गर्ने बताए ।



उनले नेपाल खैरो सूचीमा पर्नुका मुख्य कारणमध्ये सुनचाँदी र बहुमूल्य रत्नको निगरानी गर्न नसक्नु भएको भन्दै कर प्रणालीमार्फत यसमा नियमन बढाउन सकिने तर्क राखे । करको दायरा विस्तार गर्ने क्रममा पनि यो क्षेत्रलाई पहिचान गरेको उनको भनाइ थियो ।

'खैरो सूचीबाट शीघ्र बाहिर निस्किन सरकारले तयार गरेको कार्ययोजना कार्यान्वयनमा छ', उनले भने, 'यसले निगरानी र ट्र्याकिङलाई सहज बनाउँछ । कर प्रणालीको माध्यमबाट निगरानी बढाएर फाइनान्सियल एक्सन टास्क फोर्सलाई सिफारिस गर्छ ।'

उनले यसबाट 'मनी लन्डरिङ' को जोखिम न्यूनीकरण र कारोबारको उपयुक्त रिपोर्टिङलाई सुनिश्चित गर्ने बताए । कर र भ्याटको व्यवस्थाले अवैध पुँजी प्रवाह हुने स्थितिको निगरानी गर्न सहयोग पुग्ने अर्थ मन्त्रालयका प्रतिनिधिको भनाइ थियो । मन्त्रालयले वास्तविक उपभोक्ता र घरेलु व्यवसायमा व्यवसायीको आंकलन गरेअनुरूप असर नपर्ने जनाएको छ ।

'करको विषय बढाउँछु, घटाउँछु र हेर्दिन्छु भन्न सकिँदैन', अर्थसचिव घिमिरेले भने, 'छलफललाई निरन्तर अघि बढाउनुपर्छ । व्यवसायीको मागअनुसार निरन्तर छलफलमा बसेर टुंगोमा पुग्न सकिन्छ ।' उनले विगतमा रु १० लाखभन्दा माथिका सुनका गहनामा विलासिता शुल्क लाग्ने गरे पनि प्रभावकारी नभएको बताए ।

उक्त बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले परिमाणमा बन्देज हटाउने सम्बन्धमा मन्त्रालय छलफलका लागि तयार रहेको बताए । उनले विगतमा शोधान्तरका कारण बन्देज लगाइएको उल्लेख गर्दै विदेशी मुद्राको सञ्चिति हेरेर आपूर्ति बढाउन सक्ने बताए । त्यसका लागि तथ्यांकले पर्याप्त उपभोग देखाउन सक्नुपर्ने र 'कस्ट इफेक्टिभ' हुनुपर्ने उनको भनाइ थियो ।

'परिमाणमा बन्देज सधैँ एकै हुनुपर्छ भन्ने हैन । तर सोही मात्रामा उपभोग तथ्यांक देखाउन सकिँदैन भने बढाएर अर्थ हुँदैन', उनले भने ।

छलफलका क्रममा नेपाल सुनचाँदी व्यवसायी संघ तथा कालिगढ संघर्ष समितिका अध्यक्ष विपिन रामुदामुले विलासी करले अवैध कारोबारले प्रश्रय पाउने भन्दै खारेजीको माग गरे । उनले सुनचाँदी धर्म र संस्कृतिसँग जोडिएको भन्दै विलासी कर लगाउन नहुने धारणा राखे ।

सुनचाँदीको गहना कारोबारमा करको व्यवस्थाले आम उपभोक्तालाई आर्थिक भार थप्ने र उपभोक्ताबाट व्यवसायीले सुनचाँदी खरिद गर्नसमेत व्यावहारिक समस्या उत्पन्न हुने बताए । 'सुनचाँदी विलासिता हैन । धर्म संस्कृतिसँग जोडिएको छ । यसमा कर लगाउनेबित्तिकै अवैधानिक रूपमा कारोबार बढ्ने देखिन्छ', उनले भने, 'करले त्रसित भएर उपभोक्ताले भारतीय सीमाबाट खल्तीमा राखेर गहना भित्रिने क्रम बढ्नेछ ।'

नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका महासचिव नीरबहादुर विश्वकर्माले सुनचाँदी र हीराजस्ता बहुमूल्य रत्नका गरगहना व्यवसायमा संलग्न झण्डै १५ लाखलाई यस करले प्रभावित पार्ने बताए । नेपाल बैंकर्स एसोसिएसनका वरिष्ठ अधिकृत कपिल गौतमले व्यवसायीको मागअनुसार सुनचाँदीको परिमाण बढाउन सकिने बताए । उनले व्यवसायीले शुल्क व्यहोर्न तयार भएमा परिमाण भित्र्याउन कुनै समस्या नभएको बताए ।

घनश्याम रिजालको संयोजकत्वमा बसेको उक्त उपसमितिको बैठकमा सुनचाँदीमाथिको कर, परिमाणमा बन्देज र खरिदलगायत विषयमा छलफल भएको थियो ।

# आन्तरिक राजस्व कार्यालय वीरगञ्जद्वारा आठ अर्ब ५२ करोड राजस्व संकलन

■ प्रभाव संवाददाता

**वीरगञ्ज –** आन्तरिक राजस्व कार्यालय वीरगञ्जले चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको छ ।

आन्तरिक राजस्व विभागले कार्यालयलाई चालु आवको जेठ मसान्तसम्मको अवधिमा रु सात अर्ब ५१ करोड ६४ लाख ६५ हजार राजस्व संकलन गर्ने लक्ष्य निर्धारण गरेकामा कार्यालयले सो अवधिमा रु आठ अर्ब ५२ करोड नौ लाख ८९ हजार राजस्व संकलन गरेको छ । कार्यालयका प्रमुख कर अधिकृत टीकाराज चौलागाईंले चालु आवको ११ महिनामा लक्ष्यको ११३ दशमलव ३६ प्रतिशत राजस्व संकलन गरेको बताए ।

कार्यालयले चालु आवको ११ महिनामा अन्तःशुल्क करतर्फ रु दुई अर्ब ८४ करोड ६५ लाख ५३ हजार राजस्व संकलन गर्ने लक्ष्य राखेकामा सो शीर्षकमा लक्ष्यको एक सय ४२ दशमलव २८ प्रतिशत अर्थात् रु चार अर्ब पाँच करोड ३८ हजार राजस्व राजस्व संकलन गरेको छ ।

त्यस्तै कार्यालयले चालु आवको ११ महिनामा आयकरतर्फ रु दुई अर्ब ३२ करोड ४८ लाख ४८ हजार लक्ष्य रहेकामा सो अवधिमा रु दुई अर्ब ५५ करोड ५९ लाख ९४ हजार राजस्व संकलन गरेको छ । यो लक्ष्यको १०९ दशमलव ९४ प्रतिशत हुन आउँछ । कार्यालयले सो अवधिमा घरबहाल करतर्फ भने रु २५ करोड १० लाख आठ हजार राजस्व संकलन गरेको छ ।

त्यस्तै मूल्य अभिवृद्धि करतर्फ रु दुई अर्ब २२ करोड ८३ लाख ६८ हजार राजस्व संकलन गर्ने लक्ष्य राखेकामा सो अवधिमा रु एक अर्ब ८३ करोड ७५ लाख ५० हजार राजस्व संकलन गरेको छ । विभागले कार्यालयलाई वर्षभरिमा रु आठ अर्ब ७१ करोड राजस्व संकलन गर्ने लक्ष्य दिएको छ ।

# उपल्लो मुस्ताङमा सेटलाइट कृषि फार्म

**मुस्ताङ–** उपल्लो मुस्ताङको घमीमा शीतोष्ण बागवानी विकास केन्द्र मार्फामा सेटलाइट कृषि फार्म स्थापना हुने भएको छ । मार्फामा उत्पादन हुने फलफूल तथा तरकारीलाई संरक्षण तथा प्रवर्द्धनका साथै स्थान्तरण गर्ने उद्देश्यले सेटलाइट फार्म स्थापना गर्न लागिएको हो ।

सेटसाइट स्थापनाका लागि केन्द्रले जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुऱ्याएको उक्त कार्यालयका प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिए । हालसम्म ८०१ रोपनी नेपाल सरकारका नाममा दर्ता भइसकेको र अब केही महिनाभित्र केन्द्रका नाममा लालपुर्जा प्राप्तिको प्रक्रिया टुंग्याइने प्रमुख आत्रेयले बताए ।



पछिल्लो समय जलवायु परिवर्तनका कारण स्याउलगायत शीतोष्ण फलफूल तथा तरकारीमा असर परिरहेको उल्लेख गर्दै प्रमुख आत्रेयले त्यसका लागि सेटलाइट स्थापना आवश्यक भएको बताए । मुस्ताङको तल्लो क्षेत्रमा स्याउ, ओखर, आरु, आरु बखडा, खुर्पानी, कागजी बदाम, अंगुरलगायतको उत्पादन जलवायु परिवर्तनको असरका कारण कम हुन थालेको छ ।

उपल्लो मुस्ताङमा बागवानी केन्द्रको शाखा विस्तार भएमा उपल्लो मुस्ताङका किसानलाई ठूलो सहयोग पुग्ने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले बताए । 'उपल्लो मुस्ताङका किसानलाई फलफूल तथा तरकारीको बीउ र बिरुवा ढुवानी गर्न समस्या छ, ढुवानी खर्च पनि महँगो हुँदै गएको छ', अध्यक्ष विष्टले भने, 'माथि नै बागवानीका शाखा स्थापना भएपछि उपल्लो भेगका किसानले सजिलै बिरुवा पाउनसक्ने अवस्था हुन्छ ।'

जग्गा प्राप्तिको प्रक्रिया पूरा हुने भएलगत्तै कार्यालय स्थापना र फार्म विस्तारको प्रक्रिया अघि बढाइने बागवानी विकास केन्द्रले जनाएको छ । उपल्लो मुस्ताङको घमीमा फार्मका लागि तीन वटा कित्ता रहेको र त्यहाँ विभिन्न फलफूल तथा तरकारीका बीउ तथा बिरुवा उत्पादन गर्न विभिन्न ब्लकहरू निर्माण गरिने जनाइएको छ ।

बागवानी विकास केन्द्र मार्फाले बर्सेनि किसानलाई पुस र माघमा स्याउलगायतका फलफूलका बिरुवा वितरण गर्ने गर्छ । तर त्यस समय उपल्लो मुस्ताङका किसान जाडो छल्न बेँसी झर्ने भएकाले त्यहाँ चैत र वैशाख महिनामा मात्रै स्याउका बिरुवा रोपण गर्ने गरिन्छ । उक्त समस्यालाई समाधान गर्न पनि उपल्लो मुस्ताङमा स्थापना हुने सेटलाइट फार्मले योगदान पुऱ्याउने बागवानी विकास केन्द्रको भनाइ छ ।

करिब तीन दशकअघि मुस्ताङको थासाङ गाउँपालिकाको घाँसा, लेते र कुञ्जो क्षेत्रमा राम्रो स्याउ उत्पादन हुन्थ्यो । तर अहिले जलवायु परिवर्तनका कारण उक्त स्थानमा स्याउखेती राम्रो हुँदैन । जलवायु परिवर्तन र बढ्दो तापमानका कारण उक्त स्थानमा स्याउको सट्टामा समशीतोष्ण हावापानीमा हुने किवीफलको उत्पादन हुन थालेको छ ।

मुस्ताङको मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्र विसं २०२३ मा स्थापना भएको हो । फार्म स्थापना भएपश्चात् मुस्ताङमा व्यावसायिक स्याउखेती प्रारम्भ भएको केन्द्रको भनाइ छ । मार्फाको बागवानी विकास केन्द्रले मुस्ताङका स्थानीय किसानलाई फलफूल तथा तरकारीको गुणस्तरीय बीउ र बिरुवा उत्पादन गरी बिक्री वितरण गर्ने गर्दछ । हाल शीतोष्ण बागवानी विकास केन्द्र मार्फामा १७५ र घाँसामा २० रोपनी र जोमसोममा एक रोपनी जग्गा छ । केन्द्रले मार्फामा चार वटा ब्लकमा फलफूलको बिरुवा तथा तरकारीको बीउका साथसाथै ताजा फलफूल तथा तरकारी उत्पादन गर्दै आइरहेको छ । *रासस*

# भक्तपुरमा सुरू भयो तीनदिने औद्योगिक प्रवर्द्धन मेला

■ प्रभाव संवाददाता

**भक्तपुर–** भक्तपुर उद्योग वाणिज्य संघको आयोजना तथा उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरको सहकार्यमा शुक्रबारदेखि तीनदिने भक्तपुर औद्योगिक प्रवर्द्धन व्यापार मेला सुरु भएको छ ।



भक्तपुरमा पर्यटन प्रवर्द्धन गर्ने, यहाँका स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा पुऱ्याउने, भक्तपुरको मौलिक उत्पादन एवं स्थानीय स्रोत र साधनबाट उत्पादित हस्तकलाका सामानहरू, माटोको भाडोहरू पौवा चित्रहरू, लत्ताकपडाहरू, विभिन्न जातका बिरुवाहरू, खाद्यान्नको प्रदर्शनी गरिएको संघका महासचिव नवीन प्रजापतिले जानकारी दिए ।

राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा बजार प्रवर्द्धन गर्न र उद्योग, व्यापार, कृषि, पर्यटन, संस्कृतिको प्रवर्द्धन गरी जिल्लाको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले आजबाट सुरु भएको तीनदिने मेला करिब ५५ हजारले अवलोकन गर्ने अनुमान गरिएको छ ।

मेलामा मौलिक हस्तकलाका उत्पादनहरू, कृषि उत्पादनहरू, साना तथा मझौला उद्यमीहरूद्वारा उत्पादित सामग्रीहरू, मेलामा स्थानीय खानाका स्टलहरू, रहेको महासचिव प्रजापतिले बताए ।

स्थानीय सीप हस्तान्तरण तथा जगेर्ना गर्ने उद्देश्यले हस्तकलाका सामग्री निर्माण, पौभा पेन्टिङ, मुकुण्डो बनाउने, माटोका भाडाकुँडा बनाउने, चित्रकला, मूर्ति बनाउने कार्य प्रत्यक्ष प्रदर्शनी हुने उनको भनाइ छ । मेलामा बालबालिकाहरूलाई मनोरञ्जनको लागि बाल उद्यानको व्यवस्था गरिएको छ ।

मेलामा भक्तपुर, काभ्रे र काठमाडौँका उद्यमीहरूको ४५ वटा स्टल रहेको र रु एक करोडसम्म बिमा व्यवस्था गरिएको आयोजकले जनाएको छ । सो मेलाको उद्घाटन शुक्रबार बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले गरे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ